साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १६, ● पूर्णाङ्क ३४१, ● अंक ११ ● २०८१ साल फागुन १-१५ गते ● (13 February, 17 February, 2024) ● मूल्य रु. १०

# संकटमा ओली



झण्डै दुई तिहाइ नेतृत्वको नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार अहिले संकटमा परेको छ। अहिलेसम्मकै सबभन्दा सुरक्षित ओली नेतृत्वको सरकारलाई राष्ट्रियसभामा तीन जना सांसद रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र एक मात्र सांसद रहेको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीले हलाइ दिएको छ।

प्रधानमन्त्री ओलीलाई काँग्रेसबाहेक अरु सबै मधेशवादी दल जसपा नेपाल, लोसपा, जसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीको सहयोग छ। आठ दलीय मोर्चा समेत बनाएका यी पार्टीहरु वर्तमान सरकारबाट असन्तुष्ट छन् । कुनैबेला पनि सरकार छाड्ने तथा समर्थन फिर्ता लिनसक्ने आवस्था आउन सक्छ । यद्यपी यी दलहरुले प्रधानमन्त्री ओलीको साथ छाडे पनि सरकारलाई कुनै असर पर्ने छैन। काँग्रेस र एमाले मिलेर पनि सरकार चलाउन सक्छ । तर राजनीतिक विश्लेषक एवं वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी भन्नुहुन्छ, 'सरकारमाथि नैतिक संकट आएकै हो ।'

२०८१ असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका ओलीलाई काँग्रेससहित जसपा नेपाल, जसपा, लोसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको साथ छ। अर्थात २७५ सदस्यीय प्रतिनिधिसभामा १९४ जना सांसदको विश्वासको मत प्रधानमन्त्री ओलीले पाउनु भएको छ। त्यसमा काँग्रेसको ८८, एमालेको ७८, अशोक राइ नेतृत्व जसपाको ७, जनमत पार्टीको ६, जसपा नेपालको ५, नागरिक उन्मुक्ति पार्टी र लोसपा नेपालका ४-४ जना र दुई जना स्वतन्त्र सांसद हुनुहुन्छ। जब कि दुई तिहाइका लागि १८४ सांसद मात्र आवश्यक पर्छ।

प्रधानमन्त्री ओलीलाई सरकारमै रहेर काँग्रेस, लोसपा, जसपा र नागरिक उन्मुक्ति साथ दिएका छन् सरकार बाहिरबाट जसपा नेपाल, जनमत पार्टी र दुई जना स्वतन्त्र सांसदले साथ दिएका छन् । जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरेको छ। सरकार बनाउनका लागि १३८ जना सांसद भए पुग्छ। जसका लागि काँग्रेस र एमाले नै काफिर छ। दुवै दलसँग १६६ जना सांसद छन् । सबै दलले सरकारबाट समर्थन फिर्ता लिएपनि प्रधानमन्त्री ओली नेतृत्वको सरकार ढल्दैन।

**बाँकी पृष्ठ ८ मा**

अभिमत

# सम्पादकीय

## घटाउ मधेशको गरिबी

समथल तथा सुगम भुगोलको रुपमा परिचित मधेशको गरिबी देशमै सबभन्दा उच्च छ। जब कि त्यहाँ कृषि, उद्योग, जनशक्ति, पूर्वाधारको अभाव छैन। देशका महत्वपूर्ण उद्योगहरु त्यही छन्। मधेशलाई अन्नको भण्डार भनिन्छ। कृषिका लागि उब्जाउ हुने अधिकाँश भुभाग त्यही छन्। देशमा उत्पादन हुने खद्यान्नको आधाभन्दा बढी मधेशमै उत्पादन हुन्छन्। पुरै देशलाई पाल्ने हैसियत मधेशले राख्छ।

कामका लागि चाहिने जनशक्ति पनि मधेशमा छन्। तैपनि मधेश किन गरिब ? अहिलेको अवस्थामा यो सबभन्दा ठूलो प्रश्न बनेको छ। मानव विकास सूचकांकमा मधेश प्रदेश सात वटै प्रदेशभन्दा पछाडि छ। मधेशको मानव विकास सूचकांक ०.५१९ रहेको छ जबकी पाँच वर्षअघि ०.४२१ थियो। एक तथ्यांकका अनुसार मधेशमा बहुआयामिक (गास, बास, कपासको समस्या र उपचार गराउन नसक्ने) गरीबी दर झन्डै २४.०२ प्रतिशत छ। आर्थिक वर्ष २०७५/०७६ मा निरपेक्ष गरीबीको दर २७.७ प्रतिशत थियो भने बहुआयामिक गरिबी दर ४७.९ प्रतिशत थियो। मधेश प्रदेशका नीति तथा योजना आयोगका अनुसार मधेशको हालको बहुआयामिक गरीबी दर २४.०२ प्रतिशतमा झरेको छ तर निरपेक्ष गरीबी २२.५३ प्रतिशत छ। अर्थात मधेशको निरपेक्ष गरिबी कम भइरहेको छैन। देशमा गणतन्त्र आएपछि मधेशको अवस्था झन खराब हुँदै गइरहेको छ। स्थानीय तहदेखि प्रदेशसम्म मधेश सरकार छ। मधेशी समुदायबाट नै त्यसको नेतृत्व भइरहेको छ। झण्डै सात वर्षभन्दा बढी समयदेखि मधेश केन्द्रित दलको नेतृत्वमा मधेश सरकार सञ्चालन भइरहेको छ। तर मधेशको गरिबी जस्ताको त्यस्तै छ। गरिबी घटाउनका लागि त्यहाँको सरकारले प्रयास नगरेको होइन। गरिबी घटाउनका लागि विभिन्न योजनाहरु बनाउँछन्। नीति निर्माणमा आउछन् तर कार्यान्वयनमा आउदैनन्। मधेश सरकारले गरिबीमुक्त प्रदेश, समृद्ध प्रदेश बनाउने योजना अघि सारेको छ। निरपेक्ष गरीबीको रेखामुनि रहेको जनसंख्याको पहिचान गरी रोजगारी, आयआर्जन, सामाजिक सुरक्षामा पहुँच विस्तार र विकास प्रक्रियामा सहभागितामार्फत गरीबी न्यूनीकरण गरिने भनिएको छ।

प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजनामा गरिबी घटाउन उद्देश्यलाई प्राथमिकतामा राखेको छ। आगामी पाँच वर्षमा ७.५३ प्रतिशत गरिबी घटाउने योजना बनाएको छ। पहिला पनि यस्तो योजना नबनेको होइन तर त्यो कहिले कार्यान्वयनमा आएन। मधेशको गरिबी हटाउनका लागि सबभन्दा पहिले शिक्षामा जोडदिनु पर्छ। साक्षर दरमा वृद्धि गर्नुपर्छ। मधेश प्रदेशको प्रदेश नीति तथा योजना आयोगले २०७६ सालमा प्रकाशित गरेको जनसांख्यिक स्थिति नामक अध्ययन प्रतिवेदन अनुसार समग्र नेपालको साक्षर दर ६६ प्रतिशत छन् भने मधेश प्रदेशको साक्षरता दर ४९.५ प्रतिशत मात्रै रहेको छ। शिक्षाको अवस्था कमजोर रहेसम्म गरिबीलाई घटाउन सकिदैन। त्यसले पहिलो जोड शिक्षामा दिनुपर्छ। त्यसपछि दोस्रो प्राथमिकतामा कृषिलाई राख्नुपर्छ। मधेशमा सबभन्दा बढी सम्भावना भएको क्षेत्र कृषि हो। परम्परागत कृषिलाई आधुनिकीकरण गरी त्यसलाई उद्योगको रुप दिनुपर्छ। सामूहिक खेती तथा चकलाबन्दी खेती प्रणालीमा जोड दिनुपर्छ।

थोकमा उत्पादन गरेर त्यसलाई व्यवसायिक रुपमा दिनुपर्छ। मधेशलाई कृषक पर्यटनको रुपमा पनि विकास गर्न सकिन्छ। तेस्रो प्राथमिकतामा उद्योगलाई राख्नुपर्छ। मधेश उद्योगका लागि सम्भावना भएको क्षेत्र हो। उद्योग धन्दालाई प्राथमिकतामा राखेर योजनाहरुलाई अगाडि बढायो भने मधेशको गरिबी हटाउनमा महत्वपूर्ण भूमिका हुनसक्छ। र सबभन्दा महत्वपूर्ण कुरा यी सबका लागि राज्य र राज्यका राजनीतिक दलका नेता इमान्दार हुनुपर्छ।

## तथ्यांक आफै बोल्छ

| जिल्ला | साक्षरता दर (प्रतिशतमा) | | | लेख-पढ दुवै गर्न नसक्ने (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | पुरुष | महिला |
| सप्तरी | ५४.५ | ६७ | ४२.६ | ३०.० | ५४.२ |
| सिराहा | ५०.२ | ६१.८ | ३९.२ | ३५.१ | ५७.७ |
| धनुषा | ५०.४ | ६०.६ | ४०.२ | ३५.८ | ५५.८ |
| महोत्तरी | ४६.४ | ५६.५ | ३६.५ | ४०.६ | ६०.६ |
| रौतहट | ४१.७ | ५०.९ | ३२.० | ४५.२ | ६३.९ |
| सर्लाही | ४६.३ | ५५.८ | ३६.६ | ४१.४ | ६०.४ |
| बारा | ५२ | ६२.७ | ४०.७ | ३४.२ | ५६.२ |
| पर्सा | ५५.९ | ६६.९ | ४३.९ | ३०.१ | ५०.० |
| प्रदेश नं. २ | ४९.५ | ६०.१ | ३८.९ | ३६.७ | ५७.८ |
| नेपाल | ६५.९ | ७५.१ | ५७.४ | २२.३ | ३९.९ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

# पाठक पत्र

saharatimes.com.np@gmail.com




**रामरतन यादव**

लोभी महालोभीहरु आन्दोलन उचाइमा वक्त (समय) आउने बित्तिकै एक एक भइ दलालहरु दलाल कांग्रेस एमालेमा मिलेर सरकारमा जाने मौज गर्ने बाँकीलाई दलालको दबाबमा अरु मधेशीलाई बिरोध गर्ने, थु यस्ता गठबन्धन

**उपेन्द्र साह**

मधेशलाई गुलाम बनाउने यी सबै टाउकेहरु कहिले कुर्सीको लोभमा कहिले संसदको लोभमा खै अरु पार्टी माओवादीको बत्तिस सिट, स्वतन्त्रको २१ सिट अनि उहाँहरुले पार्टी फोड्दैन र मधेसी दलहरु पार्टी फोर्ने र मन्त्री बन्ने मधेशीलाई गुलाम बनाउने यिनीहरू नै हुन्।

**देव यादव**

फेरि मधेशीको छोराहरुलाई सहिद बनाउने डिजाइन बनाउनका लागि मात्र यो एक जुट बन्छ फेरि सबै आफ्नो आफ्नो स्वार्थमा लागिन्छन्। यिनीहरु मधेश र मधेशी जनताको लागि होइन आफू कुर्सीमा बस्नका लागि हो कुर्सी पाउदैमा यिनीहरु सबै मधेशको एजेन्डा बिर्सिन्छ।

**डिपी यादव**

## बल्ल घैटोमा घाम लाग्यो नेतालाई

**बिट्टुक पाण्डे**

वैसे तो सभी नेता एक जैसे ही होते हैं फिर भी तराई मधेश और मधेशीयों के लिए बिजय गच्छदार के बाद उपेन्द्र यादव ही हैं जिनका कोई भरोसा नही सभीको छोडकर किधर मिल जाए। और सभी को ठेंगा दिखा दें।

**भोला मैनाली**

काम गर्ने व्यवस्था मा कुनै मोर्चा चाइदैन जनतालाई पङ्गु बनाउने मात्र हो नेताको मोज मस्ति

**कमल ठुलुङ**

अब समाजवाद समिकरण वा गठबन्धन पनि छिट्टै होस्। अहिलेको अप्राकृतिक, अपराधी, अलोकतान्त्रिक समिकरण सरकारको भण्डाफोर गरोस्। काम भनेको एउटा गरेको छैन। तलब खाएर बसेको छ।

**सन्जय मण्डल**

मोर्चाबाट सिकेलाई हटाउ किनभने यो कार्य सिकेले गर्नुपर्थ्यो कान्छोको हिसाबले तर गंगु तेलीले...कन्जरले आपे पुजा बापे खाय, एको पुजा बाहर नइ जाय कहाबत जका....

**राहुल साह**

सबै नेता आफ्नो लागि मात्र हो र जनताको लागि होईन। मधेश आन्दोलनको ९ वर्ष पूरा भएको छ। अहिलेसम्म जलेश्वरमा जेल जीवन बिताई रहेको छ।

**सविता यादव**

अशोक राइ कुन मधेशी हो कुन मधेशको मुद्दा उठाउछ गिरगिट जस्तै रंग बदलिन्छ।

**हरि रेग्मी**

बिसौं वर्ष सत्ताको भोग गर्दा पनि मधेशको लागि केही खास गर्न नसकेकाहरु भेला भए भने पनि गफ मात्रै गर्ने हुन कि त पुन सत्ताको बार्गेनिङ।

**रितबहादुर श्रेष्ठ**

थ्रेसहोल्ड बढाउने होईन। समानुपातिक हटाउने होईन। बरु पूर्ण समानुपातिक लागू गरौ। हटाउनै पर्ने भए प्रत्यक्ष निर्वाचित प्रणाली हटाऔ।

**राज साह**

यी साना दलहरुको केही नेतृत्वको आदत, बानी कस्तो छ भने को नि के गरिसकेपछि दैलो देख्छ।

**बबन सिंह**

थ्रेस होल्डका बार्गेनिंग मात्रै र नेतृत्व आफ्ना सिट सुरक्षित गर्नै चलाखि।

**अरुण झा**

चरित्र र चरित्रार्थ के गर्ने ? लिडर त पहिले बारम्बार मिलेको नै हो। जैनुन कार्यकर्ताको मन् र सर्वसाधारण मधेशी जनता समेत मिल्नुपर्यो नि

**सिलिप मण्डल**

यो मोर्चा कुर्सीको लागि कि आम जनताको लागि यदि जनताको लागि भयो भन्ने ठिक छ। जनताले कसरी बिश्वास गर्ने

*(फेसबुकमा आएका प्रतिकृयाहरु)*

दस्तावेज

## नेपाल सरकार र चुरेभावर प्रवेश एकता समाज, नेपालबीच भएको सहमति

अज मिति २०६४।०५।२७ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा सरकारी बार्ताटोली र चुरेभावर प्रदेश एकता समाजबीच चौथो चरणको वार्ता सौहार्दपूर्ण वातावरणमा भई देहायअनुसारको सम्झौता सम्पन्न भयो।

१.चुरेभावर आन्दोलनको क्रममा धनुषा जिल्लाको यज्ञभूमि गाउँ विकास समितिमा भएको घटनाको क्रममा कर्तव्य ज्यान मुद्दा लागि गिरफ्तार भएका समाजका नौजना कार्यकर्ताहरूको मुद्दा फिर्ता लिन आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने, सो सन्दर्भका अन्य मुद्दा र वारेन्टसमेत खारेज गर्ने।

२.सुरक्षाका कारणले सदरमुकाम गई सरकारी निकायबाट सेवा प्राप्त गर्ने कार्यमा भइरहेको असुविधालाई ध्यानमा राखी तत्काल जनतालाई सेवा उपलब्ध गराउन प्रबंध मिलाउने।

३.चुरेभावर एकता समाजको आन्दोलनमा सर्लाहीको ढुङ्गेखोलामा प्रहरीको गोली लागि सहादत प्राप्त गर्ने मङ्गलबहादुर गुर्मछामका परिवारलाई दस लाख रुपियाँ राहत उपलब्ध गराउने, सरकारी निर्णय तत्काल कार्यान्वयन गर्ने। उक्त आन्दोलनमा घाइते हुन पुगेका र उपचार हुन बाँकी चुरे भावर एकता समाजका उपाध्यक्षलगायतका व्यक्तिहरूको उपचारको समुचित प्रबन्ध मिलाउने।

४.तराईका विभिन्न सशस्त्र समूहको हमलामा परी मृत्यु हुन गएका परिवारहरूलाई पनि अरू सरह राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने।

५.चुरे भावर प्रदेशमा विगतमा भएका आन्दोलनको क्रममा घटेका घटनाहरूको बारेमा छानबिन गर्न, तराई घटनाहरूको बारेमा छानबिन गर्न गठित आयोगलाई थप जिम्मेवारी दिइएको हुँदा उक्त आयोगलाई समयमा नै कार्य सम्पादन गर्न आवश्यक सहयोग पुर्‍याउने र प्रतिवेदनको आधारमा सो क्षेत्रमा हुन गएको धनजनको क्षतिउपर उपयुक्त कारबाही गरी सम्बन्धित व्यक्तिहरूलाई राहत उपलब्ध गराउने कार्यसमेत गर्ने।

६.राज्य पुनर्संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ हुनेगरी संविधानसभाले निर्धारण गरेबमोजिम स्वायत्ततायुक्त संघीय शासन प्रणाली कायम गर्ने।

७.चुरे भावर क्षेत्रभित्रका विकास निर्माणका काम वनसँग सम्बन्धित काम ढुङ्गा, बालुवा, गिट्टी, माटो आदि ठेक्का बन्दोबस्त गर्ने विषयमा स्थानीय निकायसँग सहमति कायम गराई कार्य सम्पादन गर्ने।

८.तराई/मधेस, पहाड, हिमाल सबै क्षेत्रका जनतालाई आपसी सद्भाव खलबलिन नदिन र आपसी समझदारी विकसित गराई राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ गराउन सबै पक्ष क्रियाशील रहने।

९.आगामी मङ्सिर ६ गते हुन गइरहेको संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन चुरे भावर प्रदेश एकता समाजको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू फिर्ता लिएको छ।

*केशवप्रसाद मैनाली*
*अध्यक्ष*

*रामचन्द्र पौडेल*
*संयोजक, सरकारी वार्ता टोली*
*२०६४ भाद्र २७ गते*

# सरकार र सिके राउत एकसाथ कस्दै जनमत जनलाई

> २. पार्टीका केन्द्रीय सदस्य, प्रदेश सदस्य र जिल्ला मूल समितिका सदस्यहरूहरूले सो पोस्ट गरे-नगरेको एउटा सामाजिक सञ्जाल अनुगमन समितिले अनुगमन गर्ने र मासिक रूपमा प्रतिवेदन पेश गर्नेछ। मासिक रूपमा २० व बढी पोस्ट आए राम्रो, १०-२० आए औसत, ३-१० पोस्ट आए सामान्य र ३ भन्दा कम पोस्ट आए निष्क्रिय मानिनेछ। सो मूल्याङ्कन अन्य जिम्मेबारी तोक्दा प्रयोग गरिनेछ, राम्रो गर्नेलाई पुरस्कृत गर्ने तथा निष्क्रिय हुनेलाई एक तह घटुवा गर्ने वा जिम्मेबारीबाट हटाउनेसम्मको सिफारिश गर्न सकिनेछ।

सरकारले सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा यसका प्रयोगकर्तालाई आर्थिक जरिवाना र कैदसम्मको व्यवस्था गर्न लागेको छ। उता जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले सामाजिक सञ्जालको प्रयोगलाई लिएर पार्टीमा कार्यकर्ताको मूल्यांकन गर्ने भएको छ।

अध्यक्ष राउतले पार्टीका हरेक पदाधिकारीलाई हरेक दिन एक पोष्ट गर्न निर्देशन दिनुभएको छ। पुस १४ गते बसेको पार्टीको सचिवालय बैठकबाट निर्णय नै गराएर सो निर्देशन दिनुभएको हो। यसले गर्दा पार्टीका पदाधिकारी तथा नेताहरु दबाबमा परेका छन्। कतिपय पदाधिकारी फेसबुक चलाउदैन, कतिपयले चलाए पनि उसँग मोवाइल वा त्यो अनुसारको साधन छैन। पार्टीमा काम गर्ने मूल्यांकनलाई समाजिक सञ्जाललाई पनि आधार बनाएपछि नेताहरु झन पिडा महसुस गरिरहेका छन्।

पार्टीमा गरेको सर्कुलर अनुसार पार्टीका सम्पूर्ण पदाधिकारीहरुले सामान्यतः 'हरेक दिन एक पोस्ट' पार्टी वा नेतृत्वको विषयमा सकारात्मक पोस्ट समाजिक सञ्जालमा गर्नै पर्नेछ। त्यति मात्र होइन, पार्टीका केन्द्रीय सदस्य, प्रदेश सदस्य र जिल्ला मुल समितिका सदस्यहरुले सो पोस्ट गरे नगरेको अध्ययन गर्न एउटा अनुगमन समिति समेत बनाउने भनिएको छ। सो अनुगमन समितिले अनुगमन गर्ने र मासिक रुपमा प्रतिवेदन पेस गर्नेछ भनि सर्कुलरमा भनिएको छ। मासिक रुपमा २० वा सो भन्दा बढी पोस्ट आएमा राम्रो, १०-२० वटा आएमा औसत, ३-४ वटा पोस्ट आएमा समान्य र तीन भन्दा कम पोस्ट आएमा निस्कृय मानिने सर्कुलरमा भनिएको छ। सो मूल्यांकन अन्य जिम्मेवारी तोक्दा प्रयोग गर्ने र राम्रो गर्नेलाई पुरस्कृत गर्ने तथा निस्कृय हुनेलाई एक तह घटुवा गर्ने वा जिम्मेबारीबाट हटाउनेसम्मको सिफारिस गर्न सकिने सर्कुलरमा भनिएको छ।

यो त सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 'सामाजिक सञ्जाल ऐन, २०८१' भन्दा पनि कडा भएको गुनासो पार्टीका कार्यकर्ता तथा नेताहरुले गरिरहेका छन्। एकातिर समाजिक सञ्जाल प्रयोग गर्दा सरकारले विभिन्न नाममा कारवाही गर्ने देखिएको छ भने अर्कोतिर समाजिक सञ्जालमा नलेखे कारवाही गर्ने भएपछि नेताहरु दोधारमा परेको बुझिएको छ। समाजिक सञ्जाल प्रयोग गर्ने, नगर्ने आफ्नो स्वतन्त्रताको कुरा हो यसरी जवर्जस्ती चलाउनै पर्ने, केही नकेही लेख्नै पर्ने अठ्याउन नहुने गुनासो कतिपय नेताहरुको रहेका छन्।

बाँकी पृष्ठ ८ मा

## बालुवाटारमा उपेन्द्रले राजकिशोरलाई अघि सारेपछि

प्रतिनिधिसभामा पाँच र राष्ट्रियसभामा तीन सांसद रहेका जनता समाजवादी पार्टी नेपाल अहिले नेपालको राजनीतिकको केन्द्रबिन्दुमा रहेको छ। देशका दुई ठूला दल काँग्रेस र एमालेका नेताहरुले जसपा नेपाललाई पछ्याइ रहनुभएको छ। राष्ट्रियसभाबाट अध्यादेश पारित गराउन सहयोग गर्न उहाँहरुले आग्रह गरिरहनु भएको छ। जसपा नेपाल विभाजन गराएर नेपालको राजनीतिमा भूमिकाबिहिन बनाइ दिएको उपेन्द्र यादव अहिले काँग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र माओवादीका अध्यक्ष प्रचण्डका लागि निकै आवश्यक भइसक्नु भएको छ। विपक्षी दलका नेता तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले काँग्रेस-एमाले गठबन्धनको सरकारलाई सहयोग नगरोस् भनि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई 'खुसामद' गरिरहनु भएको छ भने देउवा र ओलीले सहयोगका लागि 'खुसामद' गरिरहनु भएको छ।

जसपा नेपाल विभाजन भएको कारण उपेन्द्र यादव र प्रचण्डको सम्बन्ध खराब भइसकेको थियो। यो अध्यादेश प्रकरणमा थोरै भएपनि सम्बन्ध सुधार भएको स्रोतहरुले दावी गरेका छन्। अध्यादेशको प्रकरण सुरु भएपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड लगातयार बडो विश्वासका साथ भन्दै आउनु भएको थियो, 'मलाई विश्वास छ उपेन्द्रजी सरकारमा जानु हुन्न, सरकारलाई अध्यादेशमा सहयोग गर्नुहुन्न।' यहाँसम्म कि माघ २९ गते जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अध्यादेशलाई स्विकार नगर्ने निर्णय गर्नुभयो त्यही दिन अध्यक्ष प्रचण्डले पनि रोल्पाको एक कार्यक्रममा भन्नुभएको थियो, 'जसपा नेपालसँग मेरो कुराकानी भएको छ, सरकारलाई अध्यादेशमा सहयोग गर्नेछैन।' अन्ततः जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई नै साथ दिनुभयो।

भूमि सम्बन्धी अध्यादेश पास गराउन राष्ट्रियसभामा सहयोग नगर्ने भनि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्णय गरिसक्नु भएको छ। जब कि माघ २४ गते काँग्रेसका सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री ओली दुवै जना अलग अलग बोलाएर यस विषयमा छलफल गरिसक्नु भएको थियो। बानेश्वरको संसद भवनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र उपाध्यक्ष राजकिशोर यादवसँगको भेटमा काँग्रेसका सभापति शरेबहादुर देउवाले भन्नुभएको थियो, 'राष्ट्रियसभामा तपाईंहरूको संख्या निर्णायक छ। अध्यादेश पास गराउनमा सहयोग गर्नस् न यार। तपाईंहरूले सहयोग गर्नुभएन भने अध्यादेश असफल हुन्छ, सरकारले ल्याएको अध्यादेश असफल भयो भने मेसेज नराम्रो जान्छ। र सरकारलाई ह्यारेसमेन्ट हुन्छ।' उहाँको कुरा सुनेर उपाध्यक्ष राजकिशोरले भन्नुभएको थियो, 'तपाईको कुरा ठिक छ तर अध्यादेशमा के गर्छौ त्यसको बारेमा निर्णय हुन बाँकी छ।' उपेन्द्र यादव र राजकिशोर निस्किन लाग्दा सभापति देउवाले भन्नुभएको थियो, 'के निर्णय हुन्छ छिट्टै जानकारी पाउ हैं।'

प्राय यस्ता बैठकहरुमा एक्लै जाने उपेन्द्र यादवले त्यो दिन राजकिशोर यादवलाई साथमा लिएर जानुभएको थियो। सभापति देउवालाई भेटेर सिधै बालुवाटार पुग्नु भएका उपेन्द्र र राजकिशोर यादव प्रधानमन्त्री ओलीसँग लामो कुराकानी गर्नुभयो। प्रधानमन्त्री ओलीले अध्यादेशमा समर्थन माग्न उपेन्द्र यादवलाई बोलाउनु भएको थियो। तर उहाँले अर्कैअर्कै कुरा गरिरहनु भएको थियो।

बाँकी पृष्ठ ९ मा

## विश्वविद्यालय बन्द गराउने यस्तो छ जनमतको दाउ

दुधको साक्षी बिरालो भने जस्तै डा.सिके राउत अध्यक्ष रहेको जनमत पार्टी नेतृत्वको मधेश प्रदेश सरकारले मधेश कृषि विश्वविद्यालयको बारेमा छानविन गर्न जनकपुर कम्युनिटी कलेजका सञ्चालक सोहन साहको नेतृत्वमा छानविन समिति बनाएको थियो। मधेश प्रदेशका नीति आयोगका उपाध्यक्ष समेत रहनु भएका सोहन साहले कम्युनिटी कलेज सञ्चालन गर्दै आउनु भएको छ। सो कलेजमा कृषि समेत पढाई हुने गरेको छ। तर मधेश प्रदेशमै कृषि विश्वविद्यालय खुलेपछि जनमत पार्टीमा रहेका सोहन साहलाई सो कलेज चलाउन गाह्रो भयो। त्यसपछि सो विश्वविद्यालयलाई कसरी धरासायी बनाउन सकिन्छ भनि उपाय निकाल्नुभयो। सो कलेजमा जनमत पार्टीका अन्य नेताहरुको पनि लगानी रहेको स्रोतले दावी गरेको छ।

प्रदेशसभाको बैठकलाई सम्बोधन गर्दै जसपा नेपालका प्रवक्ता एवं प्रदेशसभा सदस्य मनिष सुमनले निजी कलेजलाई पोस्नका लागि मधेश कृषि विश्वविद्यालयलाई धारासायी बनाउने षड्यन्त्र भइरहेको धारणा राख्नु भएको थियो। कृषिमा स्नातकको अध्यापन गराउर्दै आएको जनकपुर कम्युनिटी कलेजका संचालक समेत रहेका नीति आयोगका उपाध्यक्ष सोहन साह आफनो कलेजको हितलाई ध्यानमा राखेर प्रतिवेदन बनाउने र त्यसमा विश्वविद्यालयलाई अल्झाउने काम गरेको उहाँको आरोप छ। उहाँले भन्नुभयो, 'आठ महिना भयो छानविन समिति गठन भएको, खोइ त प्रतिवेदन, किन आएन प्रतिवेदन, यसले प्रमाणित हुन्छ की विश्वविद्यालयमा कुनै समस्या छैन। आफनो व्यक्तिगत स्वार्थका कारण विश्वविद्यालयलाई धरासायी बनाउने रणनीति मात्र हो।'

कृषि विश्वविद्यालय भवन शिलान्यासका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र डा.सिके राउत नेतृत्वको जनमत पार्टीबिच विवाद भएपछि त्यसको छानविनका लागि जनमत पार्टीका मुख्यमन्त्री सतिश सिंहले आयोगका उपाध्यक्ष सोहन साहको नेतृत्वमा समिति बनाउनुभयो। अनि त्यसपछि के खोज्छस् कानो जस्तै सोही मौकामा सोहन साहले मधेश विश्वविद्यालयलाई बन्द हुने गरि रणनीति खेल्नुभयो र त्यहाँ भर्ना हुने विद्यार्थी आफ्नो कलेजमा तान्नुभएको गुनासो भइरहेको छ। कृषि विश्वविद्यालयका एक अधिकारीले भन्नुभयो, 'शिलान्यासको विवाद एउटा बहाना मात्र हो, त्यसलाई बन्द गरेर जनमत पार्टीले निजी क्षेत्रका कलेजलाई पोस्ने उपाय लगाएको मात्र हो।'

कलेज सञ्चाक समेत रहनु भएका उपाध्यक्ष सोहन साहको नेतृत्वमा गठन भएको समितिले छानविन गर्न लामो समय लगाइ दियो। छानविन प्रतिवेदन नआएसम्म कुनै पनि करोबार गर्न नपाउने निर्देशक मुख्यमन्त्री कार्यालयबाट पठाई दियो। त्यसपछि त्यो विश्वविद्यालय त्यतिकै कमजोर हुँदै गयो। त्यहाँ भर्ना हुने विद्यार्थीको बिच्चली हुने भयो त्यसपछि विस्तारै कम्युनिटी कजेलतर्फ बढ्न थाले। अहिले विश्वविद्यालय बन्दकै अवस्थामा छ। सबै भर्ना तथा परीक्षाहरु स्थगित भएका छन्। त्यहाँ भर्ना हुने विद्यार्थीमध्ये ४० जना विद्यार्थी अहिले सोहन

बाँकी पृष्ठ ९ मा

## फरकमत

### सरकारमा रहेर आन्दोलन गर्न पाइदैन



सुनैनाकुमारी यादव

आन्दोलन भनेको जहिले पनि राज्य अर्थात सरकारको विरुद्धमा हुन्छ। र जो सरकारको अंग हुन्छन् वा सरकारमै सहभागी भएका हुन्छन् त्यसले कुनै पनि हालतमा आन्दोलन गर्न सक्दैनन्। यदि कसैले सरकारमा रहेर वा सरकारलाई समर्थन गरेर आन्दोलन गर्छु वा आन्दोलन गरिरहेको छु भन्छन् भने बुझ्नुपर्छ त्यसले जनतलाई ढाँटी रहेका छन्। सत्ताधारी दल कहिले पनि आन्दोलनकारी हुनसक्दैन।

मधेश केन्द्रित दलहरुले मोर्चा बनाएका छन्। यद्यपी अध्यादेशको प्रकरणका कारण अहिले मौन छ। त्यसलाई दलहरुले आठ दलीय मोर्चा नाम दिएका छन्। त्यसमा जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनता प्रगतिशिल पार्टी रहेका छन्। तर ती आठ दलमध्ये पाँच वटा दल त सत्ताधारी दल नै हुन्। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई समर्थन दिएको छ। महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी संघ र प्रदेश दुवै सरकारमा सहभागी छन्। अशोक राइ नेतृत्वको जनता समाजवादी पार्टी संघ सरकारमा मात्र सहभागी छ भने डा.सिके राउत नेतृत्वको जनमत पार्टी मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको छ।

यी सत्ताधारी पाँच दल सम्मलित मोर्चाले सरकारको विरुद्धमा आन्दोलन गर्नें तयारी गरिरहेको छ। यो जतिको हाँस्यास्पद कुरा अरु के हुनसक्छ। मोर्चाले कार्यविधि तथा अचारसहिंता बनाउने तयारीमा लागेको छ। मोर्चाको कार्यविधिमा पहिलो शर्त मोर्चामा रहेका सबै दल सरकारभन्दा बाहिर रहनुपर्छ भनि राख्नुपर्छ। नत्र सरकारमा पनि रहने र आन्दोलन पनि गर्ने त्यो सम्भव नै छैन। भूमि सम्बन्धी अध्यादेशको विरुद्धमा जसपा नेपाल र लोसपा नेपाल एकसाथ उभिएका छन् भने अन्य दलहरु हालसम्म आफ्नो धारणा सार्वजनिक गरेका छैनन्। सरकारले ल्याएको अध्यादेशलाई जसपा र लोसपा नेपालले विरोध गरेपनि सरकारको बारेमा केही बोलेका छैनन्। त्यो एक प्रकारको राजनीतिक बेइमानी हो। सरकारमा रहने, समर्थन कायम राख्ने तर त्यही सरकारको विरुद्धमा उभिने कार्य शोभनीय हुँदैन।

जसपा नेपाल सरकारलाई समर्थन दिएको छ तर त्यही सरकारको विरोध गरिरहेको छ अर्थात आफूले जुन सरकारलाई समर्थन गरेको छ त्यही सरकारको विरोध गर्नु भनेको आफूले आफैलाई विरोध गरे जस्तै हो। त्यस्तै लोसपा नेपाल संघ र प्रदेश दुवै सरकारमा सहभागी छ। तर सरकारले ल्याएको अध्यादेशलाई विज्ञप्ति निकालेर विरोध गरेको छ। जबकि लोसपा नेपालका मन्त्री शरतसिंह भण्डारी सदस्य रहेको मन्त्रिपरिषद्बाट नै त्यो अध्यादेश जारी भएको हो। मन्त्रिपरिषद्बाट पास हुने बेला केही पनि नबोल्ने र अहिले पास नहुने अवस्था देखेपछि त्यसको विरोध गर्ने भनेको राजनीतिक बेइमानी हो। लोसपाका मन्त्रीलाई सरकारमा रहन कुनै अधिकार छैन। सरकारमा रहने र त्यही सरकारको आलोचना गर्ने कदापी राजनीतिक संस्कार होइन।

आठ दलीय मोर्चाले पनि आन्दोलन गर्ने चेतावनी दिइरहेको छ। त्यसो भए के जनमत पार्टीबाट मधेश प्रदेशको मुख्यमन्त्री बन्नुभएका सतिश सिंह हातमा मसाल लिएर सडकमा आन्दोलन गर्न सक्नुहुन्छ ? जसपा नेपालबाट दुई जना मन्त्री बन्नुभएका प्रदीप यादव र नवलकिशोर साह झण्डाबाला गाडीबाट ओर्लेर माइतीघर मण्डलामा भाषण दिनसक्नु हुन्छ ? लोसपा नेपालबाट मन्त्री बन्नुभएका शरतसिंह भण्डारी सिंहदरवारको अगाडि उभिएर सरकारको विरुद्धमा नारा लगाउन सक्नुहुन्छ ? नागरिक उन्मुक्ति पार्टीका अरुण चौधरी जो संघीय सरकारमा राज्यमन्त्री हुनुहुन्छ उहाँ आन्दोलनका लागि सडकमा आउनसक्नु हुन्छ ? आउन सक्नु हुन्न। किनभने विगतमा पनि यी दल तथा दलका नेताहरुको हविगत जनताले हेरिसकेका छन्।

बिगतमा पनि मधेशी मोर्चा हुँदा कुनै न कुनै दल सरकारमा हुन्थे भने कुनै दल बाहिर हुन्थे। त्यसका लागि मोर्चामा विवाद नै हुन्थ्यो। सरकार छाडेर मात्र आन्दोलनको कुरा गर्न पाइन्छ। सरकारमा पनि बस्ने र आन्दोलन पनि गर्ने दुईटै काम गर्न पाइदैन भनि बैठकमा बहसको विषय बन्थ्यो। तर त्यसको कुनै सुनुवाइ हुँदैन्थ्यो। जसको पार्टी सरकारमा हुन्थ्यो, त्यो पार्टी आन्दोलनमा जाँदैन्थ्यो। त्यसरी नजाँदा आन्दोलन सफल हुँदैन्थ्यो र विस्तारै विस्तारै आन्दोलन स्थगित हुन्थ्यो। मधेशवादी दलले पटक पटक आन्दोलन गरे पनि माग पुरा नहुनुको मुख्य कारण नै त्यही थियो।

सरकारमा रहेर सरकार विरोधी मोर्चा बनाए पनि आन्दोलन कहिले सफल भएन। मोर्चामा रहेका दलहरु सरकारकै वरिपरी आफ्नो समय बिताउथे, त्यसैमा रमाउथे। सबभन्दा पहिले नेपाल सद्भावना पार्टीले २०६२ मा मधेश आन्दोलन सुरु गरेको थियो। नेपालगञ्जबाट सो आन्दोलन सुरु भएको थियो तर ह्रदयश त्रिपाठी त्यतिबेला सरकारमा मन्त्री हुनुहुन्थ्यो। उहाँ सरकारबाट न निस्केको कारण आन्दोलन त्यतिकै तुहियो।

बाँकी पृष्ठ ९ मा



■ डा. सूर्यप्रसाद यादव

# मधेश सरकारको कामकाजी भाषामा बलमिचाइ

हजारौं भाषा र तिनका भाषिका भएको दक्षिण एसिया विश्वकै अगुवा बहुभाषी क्षेत्र हो । दक्षिण एसियाको सानो हिमाली राज्यका रूपमा अवस्थित नेपाल पनि बहुभाषिकताको अवस्थाबाट वञ्चित छैन । यहाँ विद्यमान सांस्कृतिक, पर्यावरणीय तथा जैविक विविधता अनुरूपकै भाषिक विविधता पनि छ । जसको विवरण नेपालको राष्ट्रिय जनगणना २००९/११ देखि मात्र भेटिन्छन् । जवकि नेपालमा जनगणनाको सुरूवात १९६८ (१९११ ई.) बाट भएको हो । नेपालको पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार देशभरिमा जम्मा १२४ वटा मातृभाषाहरू भेटिएका छन्, जसमध्ये मधेश प्रदेशमा मात्र ६० भन्दा बढी मातृभाषाहरू बोलिन्छन् । तालिका १ मा मधेश प्रदेशमा बोलिने मातृभाषाहरूको सङ्ख्या प्रस्तुत गरिएको छ र यसअघि मधेश सरकारको कामकाजी भाषा समबन्धि प्रस्तावको सूचीमा परेका भाषाहरूको नाम तथा संख्या हाइलाइट गरिएको छ ।

**तालिका १: मधेश प्रदेशमा बोलिने भाषाहरू**

| क्र.स. | | मातृभाषा (Mother tongue) | दोस्रो भाषा (Second language) |
|---|---|---|---|
| १ | मैथिली | २५५१९१७ | १७२४५५ |
| २ | भोजपुरी | ११४९९६२ | १०४५४३ |
| ३ | बज्जिका | ११२७२५५ | ८५०५७ |
| ४ | नेपाली | ३५२१०९ | ५३३३४८ |
| ५ | थारु | २५४६८५ | १३९७७ |
| ६ | उर्दु | २४९६१४ | ३७६८६ |
| ७ | मगही | २१५२३६ | २७१५६ |
| ८ | तामाङ | १००६६९ | ४०४६ |
| ९ | मगर ढुट | ४४३८५ | २४७१ |
| १० | हिन्दी | १४२३२ | ८७२१८ |
| ११ | नेपालभाषा(नेवारी) | १२७९० | ७१० |
| १२ | दनुवार | ८५३० | ८५ |
| १३ | उराउँ (कुड़ुख) | ५२९६ | ११ |
| १४ | माझी | ४७३६ | ३२६ |
| १५ | राई | ४६७६ | १३२ |
| १६ | मुसलमान | ४४०३ | ४९२४ |
| १७ | मारवाड़ी | ३९२६ | ८९८ |
| १८ | गुरुङ | १३३४ | ७११ |
| १९ | अवधी | १०२२ | १२०९७ |
| २० | बङ्गला | ८३१ | ४६ |
| २१ | सुनुवार | ७६१ | २६ |
| २२ | भुजेल | ७१६ | ० |
| २३ | संस्कृत | ५६३ | १८९ |
| २४ | खस | ५५६ | ९० |
| २५ | चामलिङ | ५४४ | १५८५ |
| २६ | दुमी | ४११ | ० |
| २७ | थामी | ३९५ | २३४ |
| २८ | मगर खाम | २८८ | ३८५ |
| २९ | घले | २५८ | २६ |
| ३० | वाम्बुले | २४५ | १२ |
| ३१ | लिम्बू | २१७ | १४७५ |
| ३२ | चेपाङ | २१६ | ९८ |
| ३३ | बोटे | १८० | २४ |
| ३४ | पहरी | १५० | ३६ |
| ३५ | डोटेली | १४२ | ५० |
| ३६ | हायु | १४१ | ४४ |
| ३७ | पंञ्जाबी | १०४ | ११४९ |
| ३८ | राजबंसी | ९६ | ६४ |
| ३९ | बान्तवा | ८९ | ६८ |
| ४० | साङ्केतिक भाषा | ६३ | २७ |
| ४१ | जिरेल | ५८ | १८ |
| ४२ | थुलुङ | ५६ | ६४ |
| ४३ | कुमाल | ४९ | ० |
| ४४ | बाहिङ | ४८ | १२० |
| ४५ | अंग्रेजी | ४५ | २१५१ |
| ४६ | जेरो/जरुङ | ४० | ४६ |
| ४७ | सन्थाली | ३७ | १६१ |
| ४८ | तिलुङ | ३६ | १०७ |
| ४९ | सिन्धी | ३६ | १० |
| ५० | शेर्पा | ३२ | १०६ |
| ५१ | बझाङ्गी | २६ | ६९ |
| ५२ | धिमाल | २४ | ० |
| ५३ | दैलेखी | २३ | ६८ |
| ५४ | सामपाङ | २२ | ५८५ |
| ५५ | कोचे | १६ | १२३ |
| ५६ | तिब्बतन | १५ | ३३ |
| ५७ | दराइ | १५ | ० |
| ५८ | अङ्गिका | १२ | १३ |
| ५९ | अछामी | ११ | ४२ |
| ६० | खालिङ | १० | ० |
| ६१ | अन्य | २१५ | १०६ |
| ६२ | नखुलेको भाषा | ३१ | ० |
| | जम्मा | ६११४६०० | |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

तलिका १ अनुसार मधेश प्रदेशमा बोलिने मातृभाषाहरूको संख्या साठी भन्दा बढी रहेका छन् । ती भाषाहरू ६१ लाख १४ हजार ६०० मातृभाषीहरूले प्रयोग गरिरहेका छन् । जुन जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको २०.९६ प्रतिशत हो । यसरी हेर्दा मैथिली भाषा (२५५१९१७) मधेश प्रदेशको सबभन्दा बलियो र स्थापित भाषा हो । त्यस पछिका भाषाहरू क्रमश भोजपुरी (११४९९६२), बज्जिका (११२७२५५), थारू (२५४६८५), उर्दु (२४९६१४), मगही (२१५२३६), तामाङ (१००६६९) र मगर ढुट (४४३८५) हुन् । हिन्दी भाषा बोल्नेको जनसँख्या १४ हजार २३२ र अंग्रेजी भाषा बोल्नेको जनसँख्या ४५ रहेका छन् ।

**सरकारी कामकाजको भाषा**

मधेश प्रदेश सरकारले २०८१ माघ ९ गते प्रदेशसभामा दर्ता गरेको 'सरकारी कामकाजको भाषा समबन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ अनुसार मधेशमा सरकारी कामकाजको भाषा मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई शिक्षामन्त्रीमार्फत प्रदेशसभामा प्रस्तुत गर्नु भएको थियो । तर इन्टेलेक्चुअल फाउण्डेशन नेपाल लगायत विभिन्न संघसंस्थाहरूको चर्को विरोध गरेपछि सरकार पछि हटन बाध्य भयो र त्यो प्रस्ताव फिर्ता भयो । मधेश सरकारको यो प्रस्ताव बिना मापदण्ड र राजनीतिक प्रेरित थियो भन्ने कुरामा कुनै संदेह थिएन र छैन पनि । तालिका २, ३ र ४ मा मधेश सरकारको सरकारी कामकाजको भाषाको सूचिमा परेका भाषाहरूको अवस्था विभिन्न दृष्टिकोणबाट प्रस्तुत गरिएको छ ।

**तालिका २: मातृभाषा र दोस्रो भाषाको अवस्था**

| क्र.स. | | देश | | मधेश प्रदेश | |
|---|---|---|---|---|---|
| | | मातृभाषा | दोस्रो भाषा | मातृभाषा | दोस्रो भाषा |
| १ | मैथिली | ३२२२३८९ | २६७६२१ | २५५१९१७ | १७२४५५ |
| | | (११.०५%) | (०.९२%) | (४१.७३%) | (२.८२%) |
| २ | भोजपुरी | १८२०७९५ | १३८५७२ | ११४९९६२ | १०४५४३ |
| | | (६.२४%) | (०.४८%) | (१८.८०%) | (१.७०%) |
| ३ | बज्जिका | ११३३७६४ | ८६०६२ | ११२७२५५ | ८५०५६ |
| | | (३.८९%) | (०.३०%) | (१८.४३%) | (१.३९%) |
| ४ | हिन्दी | ९८३९९ | २२३१०६ | १४२३२ | ८७२१८ |
| | | (०.३४%) | (०.७६%) | (०.२३%) | (१.४२%) |
| ५ | अंग्रेजी | १३२३ | १०२५६१ | ४५ | २१५१ |
| | | (०%) | (०.३५%) | (०%) | (०.०३%) |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

तालिका २ अनुसार मैथिली राष्ट्रिय स्तरमा मातृभाषा (११.०५) र दोस्रो भाषा (०.९२ प्रतिशत) को रूपमा नेपाली पछिको पहिलो भाषा स्थापित हुन सफल भएको छ भने प्रदेश स्तरमा मातृभाषा (४१.७३ प्रतिशत) र दोस्रो भाषा (२.८२ प्रतिशत) को रूपमा पहिलो स्थानमा रहेको छ । त्यसैगरी भोजपुरी राष्ट्रिय स्तरमा मातृभाषा (६.२४ प्रतिशत) को रूपमा मैथिली पछिको भाषा भए पनि दोस्रो भाषा (०.४८ प्रतिशत) को रूपमा भने हिन्दी (०.७६ प्रतिशत) भन्दा पछाडी रहेको छ । तर प्रदेश स्तरमा भोजपुरी मातृभाषा (१८.८० प्रतिशत) र दोस्रो भाषा (१.७० प्रतिशत) को रूपमा मैथिली पछिको भाषा हो । त्यसपछिका भाषाहरू बज्जिका, हिन्दी र अंग्रेजी हुन् जसका विस्तृत जानकरी तालिका २ बाट प्राप्त गर्न सकिन्छ ।

**तालिका ३: जिल्लागत भाषाको अवस्था**

| | | मातृभाषा | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | | मैथिली | भोजपुरी | बज्जिका | हिन्दी | अंग्रेजी |
| १ | सप्तरी | ५६८६९१ | ५३७ | ४४ | १७९३ | ० |
| | | (८०.५२%) | (०.०७) | (०.००%) | (०.२५%) | - |
| २ | सिरहा | ६२५८८७ | २२० | ३१ | २०१० | ० |
| | | (८४.५८%) | (०.०२%) | (०.००%) | (०.२७%) | - |
| ३ | धनुषा | ६९७४६० | ६९१ | ७१७ | २५७७ | ० |
| | | (८०.३७%) | (०.०७%) | (०.०८%) | (०.२९%) | - |
| ४ | महोत्तरी | ५०१३५१ | ५४६ | १२४६३ | १६९९ | ० |
| | | (७०.९१%) | (०.०७%) | (१.७६%) | (०.२४%) | - |
| ५ | सर्लाही | ११७२८६ | ३२४५ | ५०९५८८ | १२१५ | ० |
| | | (१३.५९%) | (०.३७%) | (५९.०४%) | (०.१४%) | - |
| ६ | रौटहट | ३०९७४ | २६६८४ | ५८९३०६ | ८६३ | १९ |
| | | (३.८०%) | (३.२७%) | (७२.४३%) | (०.१०%) | (०.००%) |
| ७ | बारा | २८९७ | ५६३६६४ | १३२४५ | ७१३ | ० |
| | | (०.३७%) | (७३.८६%) | (१.७३%) | (०.०९%) | - |
| ८ | पर्सा | ७३७१ | ५५४३७५ | १८६१ | ३३६२ | ० |
| | | (१.१२%) | (८४.७०%) | (०.२८%) | (०.५१%) | - |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

तालिका ३ मा हेर्ने हो भन्ने मैथिली सप्तरी, सिरहा, धनुषा, महोत्तरीमा ब्यापक रूपमा बोलिन्छ भने सर्लाहीदेखि क्रमशः वक्तामा कमि आएको देखिन्छ । तर समग्रमा हेर्दा मैथिली मधेश प्रदेशको सबै जिल्लामा लगभग सम्मानजनक रूपमा बोलिन्छ । भोजपुरीको अवस्था भने मैथिली भन्दा केही फरक छ । यो भाषाको प्रभाव मधेश प्रदेशको पर्सा, बारा र रौटहटमा ब्यापक रूपमा रहे पनि पूर्वी जिल्ला सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा त्यति रहेको देखिदैन । तर बज्जिकाको अवस्था भने मैथिली र भोजपुरी भन्दा अलि फरक छ । यो भाषाको प्रभाव मधेश प्रदेशको पूर्वी र पक्षिमी जिल्ला भन्दा पनि बिचका जिल्लामा बढी रहेको देखिन्छ । हिन्दीको भन्ने खासै त्यस्तो प्रभाव मधेश प्रदेशमा देखिदैन् । अंग्रेजी भन्ने नगन्य अवस्थामा रहेको छ । यसरी हेर्दा समग्रमा मैथिली सबभन्दा बलियो र सबल छ र यस पछिका भाषा निसंदेह भोजपुरी हो ।

मैथिली भाषाको बाहुल्य रहेकाले मधेश प्रदेश सरकारको कामकाजको भाषा मैथिली भाषाको बनाए भने सर्वस्विकार्य हुने देखिन्छ । तराई मधेशमा राजनीति गर्ने दलहरुले पनि आफ्नो राजनीतिक मुद्दामा समावेशी समानुपातिक कुरा उठाउने गरेको देखिन्छ । त्यसैले जनसँख्याको हिसाबले पनि मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउनु उपयुक्त हुन्छ जस्तो लाग्छ । अन्य भाषा जस्तो भोजपुरी, बज्जिका, थारु लगायतका भाषाहरु स्थानीय तहमा प्रयोग ल्याउँदा हुन्छ । त्यहाँको सरकारी कामकाजको भाषा त्यो ठाउँमा बोलिने भाषालाई बनाउँदा हुन्छ । विद्यालयहरुमा मातृभाषाको रुपमा ती भाषाहरुलाई प्र्रयोगमा ल्याउन सकिन्छ । पाठ्यक्रममा नै त्यहाँको भाषालाई समावेश गर्दा हुन्छ ।

यो विषयमा जनमत पार्टीका नेता समेत रहनु भएका मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले पनि स्थानीय तहमा पनि सबै भाषाले अपनत्व पाउने गरी मान्यता दिनुपर्ने भन्नुभएको छ । मधेश प्रदेशमा भाषाको विवाद आउँदा मुख्यमन्त्री सिंहले बीबीसीसँग कुरा गर्दै भन्नुभएको छ, 'स्थानीयको अपनत्व हुने गरी उनीहरूको भाषा, भेषलाई मान्यता दिने भन्ने सङ्घियताको मर्म हो । निर्णय लेख्दा नेपालीमा लेखिए पनि बोल्दा मैथिलीमा गर्न सकियो भने त्यो पनि अपनत्व भयो । भोजपुरी बहुल क्षेत्र हो भने त्यहाँ भोजपुरीमा नै कामकाज गर्दा सबैलाई हुन्छ ।'

अर्थात जुन भाषाको जहाँ बाहुल्यता छ त्यहाँ उसले अपनत्व महसुस गर्ने सरकारी कामकाजको रुपमा प्रयोगमा ल्याउनुपर्छ । जसरी देशको सरकारी कामकाजको भाषा नेपाली हो, र अरु भाषालाई प्रवद्र्धन गर्न प्रदेश तहमा, स्थानीय तहमा मान्यता दिंदै आएको छ । त्यसरी नै मधेश प्रदेशमा मैथिली भाषालाई सरकारी कामकाजको बनाउनु पर्छ र अन्य भाषालाई त्यहीको स्थानीय स्तरमा व्यापक प्रयोगमा ल्याउनुपर्छ ।

**तालिका ४ : पूर्वज भाषाको स्थिति**

| | | पूर्खाको भाषा (Ancestor language) | |
|---|---|---|---|
| क्र.स. | | देश | मधेश प्रदेश |
| १ | मैथिली | २९५९८७६ (१०.१५%) | २२९०८९५ (३७.४५) |
| २ | भोजपुरी | १७६८६१८ (६.०६%) | ११३७६५५ (१८.६०%) |
| ३ | बज्जिका | ११४५९२४ (३.९३%) | ११३८१७९ (१८.६०%) |
| ४ | हिन्दी | ९२२९५ (०.३२%) | १०१६४ (०.१६%) |
| ५ | अंग्रेजी | १२०८ (०.००%) | २२ (०.००%) |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

कुनै पनि भाषाको सही अवस्था हेर्न पूर्खौली भाषाको विषयमा बुझ्नु अति आवश्यक हुन्छ । तालिका ४ अनुसार मधेश प्रदेशको कामकाजी भाषाको सूचीमा परेका भाषाहरूको अवस्था हेर्दा मैथिली भाषाको अवस्ता राष्ट्रिय स्तरमा (१०.१५ प्रतिशत) र प्रदेश स्तरमा (३७.४५ प्रतिशत) दुबै ठाउँमा बलियो देखिन्छन् । भोजपुरी (६.०६ प्रतिशत) र बज्जिका (३.९३ प्रतिशत) राष्ट्रिय स्तरमा फरक देखिए पनि प्रदेश स्तरमा लगभग दुबै भाषा भोजपुरी (१८.६० प्रतिशत) र बज्जिका (१८.६० प्रतिशत) अवस्थामा रहेको देखिन्छन् । हिन्दीको अवस्था तुलनात्मक रूपमा राष्ट्रिय (०.३२ प्रतिशत) र प्रदेश (०.१६ प्रतिशत) दुबै ठाउँमा कमजोर देखिन्छ । अंग्रेजीको अवस्था भने राष्ट्रिय र प्रदेश दुबै ठाउँमा प्रतिशत शुन्य रहेको छ ।

**अब के गर्ने ?**

सामान्यतः सरकारी कामकाजको भाषा निर्धारण राजनीतिक प्रक्रियाबाट हुने भए पनि यो नितान्त संवैधानिक विषय हो । यसको निर्धारण सम्बन्धित प्रदेशमा प्रयोग भइरहेको मातृभाषाहरू मध्येबाट संख्यात्मक रूपमा पहिलो स्थानको भाषालाई चयन गर्नुपर्छ । एक भन्दा बढी भाषालाई सरकारी कामकाजको भाषा बनाउनु पर्दा त्यस पछिका भाषाहरूलाई क्रमशः राख्नु पर्ने हुन्छ । तर सरकारी कामकाजको भाषा निर्धारण गर्ने नाममा बिना मापदण्ड जुनसुकै भाषालाई बनाउनु सर्वथा अनुचित हो । जुन रबैया भर्खर मधेश प्रदेशसभामा हेर्न पाइयो । जसको पुष्टि.गर्ने कुनै आधार छैन । कुनै पनि समुदाय तथा बर्गको उसका पहिचान भनेको भाषा हो । यदि कुनै समुदाय तथा वर्गलाई अन्त्य गर्नुछ भने त्यसको भाषालाई समाप्त गर्दिनु त्यो आफै समाप्त हुन्छ । मधेशमा विभिन्न भाषा भाषीका समुदाय छन् । सबैको आफ्नै पहिचान र अस्तित्व छन् । तर समग्र मधेशको एउटा पहिचान भनेको मैथिली भाषा नै हो । मैथिली भाषालाई सबैले मान्यता दिएका छन् । त्यसका आफ्नै साहित्य र इतिहास छ । तर कतिपय व्यक्तिहरुले बिना तथ्य, बिना मापदण्ड आआफ्ना भाषालाई घुसाउने काम गरेका छन् । सरकारले सबै भाषालाई सम्मान गर्नुपछ । सबैको संरक्षण र सम्बद्र्धन गर्नुपर्छ । त्यसका लागि कुनै विशेष निकाय बनाउनुपर्छ भनि बनाउनु पर्यो ।

विभिन्न भाषाको उसको साहित्य, फिल्म, गीतलगायत उसको लोकगीत, लोककथा, गाथालाई जगेर्ना गर्न सरकार नीति नै बनाएर अगाडि बढ्नुपर्छ । सबैले एउटा कुनै एक भाषालाई सरकारी कामकाजका लागि छनौट गर्नुपर्छ । त्यसको लागि सबभन्दा उपयुक्त भाषा मैथिली हुन्छ । नेपालको राष्ट्रिय जनगणना २०७८ लाई विश्लेषण गर्दा पनि मधेश प्रदेशमा प्रमुख रूपमा बोलिने मातृभाषाहरू मध्ये मैथिली हरेक दृष्टिकोणबाट सरकारी कामकाजको भाषाको लागि उपयुक्त छ ।

देशमा संविधान जारी भएको १० वर्ष हुन लागेको छ । दश वर्षमा प्रदेश सरकारको लागि कामकाजको भाषा चयन गर्न सकेको छैन । सबै प्रदेशमा विवाद नै देखिएको छ । नेपालमा १३१ वटा भाषा बोलिन्छन् । सबैलाई राष्ट्रिय भाषाको मान्यता दिन सकिदैन । सबभन्दा बढी बोलिने नेपाली भाषालाई मान्यता दिएको छ । त्यस्तै मधेश प्रदेशमा मात्र ६२ वटा भाषा बोलिन्छन् तर के सबैलाई सरकारी कामकाजको भाषा बनाउन उपयुक्त हुन्छ त ? हुँदैन । त्यसैले प्रदेशहरुमा बेकारमा विवाद गरेको जस्तो देखिन्छन् । जुन प्रदेशमा सबभन्दा बढी कुन भाषा बोलिन्छन् । त्यसको साहित्य कस्तो छ, पहिचान कस्तो छ लगायतका विषय अध्ययन गरेर भाषा तोकि दिए हुन्छ । जति लम्ब्याइन्छ त्यति नै विवाद हुन्छ । भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुरले सञ्चारकर्मीसँग भन्नुभएको छ, 'संविधानले बहुसङ्ख्यकले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा राख्नु भनेपछि त्यो ख्याल गरेर निर्णय लिनुपर्छ । अहिले मधेशमा हिन्दी र अङ्ग्रेजीलाई राखिएको कारण पनि विवाद भएको हो । ती भाषा बोल्नेको जनसङ्ख्या एकदमै सानो छ । संविधानको मर्म विपरीत बढी जनसङ्ख्याले बोल्ने भाषालाई छोड्दा ती समुदायलाई चोट पर्छ ।'


हालसम्म सात प्रदेशमध्ये बाग्मती प्रदेशले मात्रै सरकारी कामकाजको भाषा तोकेको छ । बाग्मती प्रदेशसभाले जारी गरेको सरकारी कामकाजी भाषा सम्बन्धी ऐन २०८० मा तामाङ र नेपालभाषालाई सरकारी कामकारबाही र दस्तावेजमा प्रयोग गर्ने उल्लेख गरिएको छ । भाषा आयोगले कोशी प्रदेशमा मैथिली र याकथुङ र लिम्बु भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न सरकारलाई सिफारिस गरेको छ । त्यस्तै, गण्डकी प्रदेशमा मगर ढुट र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न सिफारिस गरिएको छ ।

त्यसै गरी लुम्बिनी प्रदेशमा थारु, अवधि र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा भाषा आयोगले सिफारिस गरेको छ । कर्णाली प्रदेशमा खस र मगर ढुट भाषालाई सिफारिस गरेको छ भने सुदुरपश्चिम प्रदेशमा डोटेली र थारु भाषालाई सरकारी कामकाजको भाषा चयन गर्न आयोगले सिफारिस गरेको छ । तर कसैले कार्यान्वयनमा ल्याएको छैन । सबै ठाउँमा मधेश प्रदेश जस्तै विवाद देखिएको छ ।

*(लेखक डा.सूर्यप्रसाद यादव इन्टेलेक्चुअल फाउण्डेशन नेपालको अध्यक्ष हुनुहुन्छ)*

## अन्तरवार्ता

# मैले यस्तो चुनौतिको अनुभूति जनयुद्धको बेला पनि गरेको थिइनन्



■ मातृका यादव
मधेश प्रदेशका इन्चार्ज एवं उपमहासचिव
नेकपा माओवादी केन्द्र

माओवादी केन्द्रका उपमहासचिव मातृका यादवले मधेश प्रदेशको इन्चार्ज पाएपछि त्यसको चौतर्फी चर्चा सुरु भएको छ। मधेशमा माओवादी समाप्त भइरहेको बेला मातृका यादवको 'कमब्याक' ले सबैतिर चर्चाको विषय बनेको छ। मधेशमा मातृका यादवको जुन क्रान्तकारी पहिचान छ, त्यसले चर्चाको विषय बनाएको छ। विगतमा मधेशमा मातृकाले जसरी काम गर्नुभएको थियो, त्यसले पनि मातृकालाई मधेशमा स्वागत भएको छ। मान्छेले भन्न थालेका छन् 'मातृका इज कमब्याक' तर के चर्चा भए जस्तै मातृकालाई मधेशमा काम गर्न सजिलो छ त, चुनौती के के छन्, ती चुनौतीलाई कसरी सामना गर्ने ? प्रस्तुत छ यिनै विषयवस्तुमा केन्द्रित रहेर सहारा टाइम्सका लागि माओवादीका मधेश प्रदेशका इन्चार्ज एवं उपमहासचिव मातृका यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः

**माओवादी केन्द्रमा तपाईलाई मधेश प्रदेशको इन्चार्ज बनाएपछि राजनीतिकवृतमा चर्चाको विषय बनेको छ, तपाईलाई कस्तो लाग्छ ?**

सात वटै प्रदेशमध्ये बागमती प्रदेशपछि प्रतिनिधिको हिसाबले जनसँख्याको हिसाबले मधेश प्रदेश नै हो। राजनीतिक तथा रणनीतिक हिसाबले पनि मधेश प्रदेश महत्वपूर्ण प्रदेश हो। तर माओवादी पार्टीको अवस्था मधेश प्रदेशमा निकै खस्किएको छ। मधेशमा माओवादी जसरी मोबाइलज हुनुपर्थ्यो, जसरी संगठित हुनुपर्थ्यो त्यसरी भएको छैन। मधेशमा माओवादी प्रतिनिधिसभामा जिरो भएको छ। स्थानीय तहमा विगतमा हामी २१ वटा जितेका थियौं अहिले आठ वटामा झरेका छौं। मधेश प्रदेशमा पार्टी बनाउने हाम्रो लागि धेरै ठूलो चुनौतीको कुरा हो। तर ती सबै चुनौतीलाई चिर्दै मधेशलाई पुनः माओवादीमय बनाउने हाम्रो लक्ष्य हो। २०७४ को चुनावमा म मधेश प्रदेशको संयोजक थिए। त्यसपछि म त्यहाँको कुनै जिम्मेवारीमा रहिनन्। अरुअरु साथीहरुले जिम्मेवारी लिएर काम गर्नुभयो। मलाई अरु प्रदेशको जिम्मेवारी दिएको थियो। त्यहाँ पार्टी बनाउने, संगठन निर्माण गर्न जाने क्रममा कतिपय साथीहरुले मुखमै नभने पनि पिठ्यु पछाडी भन्ने गर्नुहुन्थ्यो, 'आफ्नो प्रदेश त बनाउन सक्नु भएको छैन अरुको प्रदेशमा ठूला ठूला कुरा गर्न आउनु भएको छ।' कतिपय अवस्थामा त्यो कुरा मेरो कानसम्म पनि आइपुग्थ्यो। मलाई पनि अनुभुति भयो कि म जहाँको छु, जुन मेरो भुगोल हो त्यसलाई पहिला बनाउनुपर्छ। त्यो बनेपछि अरु प्रदेशमा कुरा गर्न पनि सजिलो हुन्छ। त्यसपछि म मागेर नै मधेश प्रदेश लिएको हुँ। म आफ्नो राजनीतिक जीवनमा पार्टीमा कहिल्यै पनि केही मागेको थिएन तर यसपटक मैले मधेश प्रदेशको जिम्मेवारी मागेर नै लिएको हुँ। त्यसमा सम्पूर्ण पदाधिकारी एकमत भए। र मैले मधेश प्रदेशको जिम्मेवारी पाए। यहाँको जनतासँग भावनात्मक रुपमा जोडिएको कारण त्यसको अनुभुति गरेर नै मागेर लिएको हुँ। मैले त्यो पद लिने बेलामा भनेको छु, 'म पाएको जिम्मेवारी अनुसार काम गर्छु यदि काम गर्न सकिएन भने म आफै छोड्छु र अरुलाई जिम्मेवारी दिन्छु।' तर मलाई विश्वास के छ भने मधेश एकपटक फेरि उठ्छ र 'लाल मधेश' बन्छ। तपाईहरुले नै लेख्नुभयो कि मधेशमा गुटबन्दी छ, गुटकै कारण मधेशमा माओवादी समाप्त भएको हो। तर अब मधेशमा कुनै गुटबन्दी छैन र हुनेपनि छैन। सबभन्दा पहिले ममाथि जुन गुटबन्दीको आरोप लागेको थियो त्यसलाई भत्काएको छु। सबै साथीहरु पनि भत्काउनु हुन्छ। सबै साथीहरुलाई मिलाएर जैलाने प्रतिबद्धता जनाएको छु। पार्टीका कुनै पनि साथीले मलाई अहिले कुनै गुटको हिसाबले हेर्नुभएको छैन। सबै उत्साहित भएर पार्टी बनाउने प्रतिवद्धताका साथ अगाडि बढ्नु भएको छ। माओवादीका लागि राम्रो परिणाम आउछ जस्तो लाग्छ। म आएपछि मधेशमा के हुन्छ भनि चर्चा सबैतिर छ।

**त्यसो भए के तपाई पदमा नहुँदा मधेशमा माओवादी बिग्रेको हो ?**

मैले त्यो भन्न खोजेको होइन। म पनि मधेशमै छु। तर मधेशमा संगठन जसरी परिचालित हुनुपर्थ्यो त्यो हुन सकेन। न प्रदेश कमिटी छ न स्थानीय कमिटी छ न नेताहरु परिचालित छन्। यस्तो किन भयो भनि समिक्षा हुँदै गर्ला तर यी जेजति बिग्रेका छन् भत्केका छन् त्यसको जिम्मेवारी सबैले लिनुपर्छ। म पनि लिन्छु। साथै त्यसलाई अहिले बनाउन पनि लागेको छु। तर संगठन बनाउने एक जनाले मात्र होइन, त्यसमा सबैको साथ सहयोग चाहिन्छन्। सबै जना सामूहिक निर्णय, समूहिक प्रतिवद्धताका साथ अगाडि बढे भने मधेशमा माओवादी बन्न समय लाग्दैन। यो कुराको अनुभूति सबै साथीमा आइ सकेको छ। अब मधेशमा पार्टी बनाउनुपर्छ भनि कुरा सबैलाई मनैदेखि लागेको छ। आम जनतामा पनि उत्साह देखिएको छ। पार्टीका कार्यकर्ता र शुभचिन्तकहरु पनि संगठन बनाउनुपर्छ भनि उत्साहित देखिन्छन्।

**तपाई त्यहाँ नहुँदा पार्टी बनेन र तपाई आएपछि बन्ने भयो भनि बुझेर नै पार्टीले तपाईको विकल्प नदेखेर त्यहाँ तपाईलाई पठाएको हो त ?**

होइन, त्यो म भन्दिन्। म नै बनाउन सक्छु भनेर मैले मागेर लिएको होइन। मैले बाहिर जुन आलोचना सुने कि आफ्नो प्रदेश बनाउन सक्नु भएन अरु प्रदेश बनाउन आउनु भएको छ, त्यो कारणले मैले मधेश बनाउनुपर्छ भनेर नै पार्टीसँग मागेर लिएको हुँ। म निर्विकल्प हुँ भनेर होइन, म केही गर्छु, संगठन बनाउनु मेरो कर्तव्य हो भनि बुझेर नै मागेर त्यहाँ गएको हुँ तर म त्यहाँ जाँदैमा सबै कयापलट हुन्छ भने पनि होइन। त्यसमा अरु साथीहरुको साथ सहयोग चाहिन्छ। सबै मिलेपछि मात्र सम्भव हुन्छ। मेरो एउटा अनुभूती के छ भने चुनाव लड्ने नेताहरु चैनल समातेर मात्र हुँदैन जनतासँग पनि जुडिरहनु पर्छ। त्यहाँको जनताका लागि काम गरिरहनु पर्छ जनताको दुखसुखमा साथ दिनुपर्छ। सबै नेताहरुले आआफ्नो भुगोल र क्षेत्र मात्र बनाए भने देश आफै उभो लाग्छ। जनतासँग जोडिएन भने धेरै गडबड हुँदो रहेछ। त्यो कुरा मैले पछिल्लो समय राम्रोसँग अनुभुत गरेको हुँ। पार्टीको हरेक कार्यक्रमलाई जनतासँग जोड्नुपर्छ भनि लागेको हुँ। जनयुद्ध दिवस पार्टीको प्रत्येक स्थानीय तहले मनाउनुपर्छ भनि साथीहरुलाई भनेको छु। संगठनलाई जनतासँग प्रत्यक्ष जोड्न सकिएन भने पार्टी आफै छुटिदै जान्छ। त्यसैले मैले पार्टीका हरेक कार्यक्रमलाई जनतासँग कसरी जोड्ने भनि काम गरिरहेको छु। म जुन जिम्मेवारी पाएको छु त्यो मेरो लागि जीवनको सबभन्दा ठूलो चुनौती हो। मैले यस्तो चुनौतिको अनुभूति जनयुद्धको बेला पनि गरेको थिइनन्। म सबै साथीलाई साथमा लिएर चुनौतीलाई हल गर्न सक्छु जस्तो लाग्छ। यदि यसपटक पार्टी बनेन भने कहिले बन्दैन। त्यसैले सबै साथीलाई समेटेर मधेशमा पार्टीलाई अगाडि बढाउछु त्यसमा सबैको साथ सहयोग चाहिन्छ। तर मेरो लागि यो जति चुनौति हो, त्यति अवसर पनि हो। म यसलाई अवसरको रुपमा लिएको छु। पार्टीका अध्यक्ष कमरेड प्रचण्ड प्रधानमन्त्री भएको बेला सुशासनको क्षेत्रमा जेजे काम गर्नुभयो त्यो पनि हाम्रो लागि काम गर्ने आधार बनेको छ। प्रचण्डले जनतामा जानका लागि आधार बनाइ दिनुभएको छ। माओवादीका लागि ग्राउण्ड राम्रो बनेको छ। त्यसलाई सदुपयोग गरेर अगाडि बढ्नुपर्छ।

**मधेशमा माओवादी यसरी नराम्रो गरि बिग्रिनुको कारण के हो, यसलाई छोटोमा समिक्षा गर्नुपर्‍यो भने कसरी गर्नुहुन्छ ?**

कमरेड अध्यक्ष प्रचण्डले भन्ने गर्नुहुन्छ कि मधेशको एजेण्डा र मुद्दा हाम्रै हो। हामीले उठाएको मुद्दा र एजेण्डामा अरु पार्टीहरुले काम गरिरहेका छन् तर हामी पछाडि परेका छौं। जनयुद्धपछि नै मधेशमा जागरुकता आएको हो। मधेशका उत्पीडित, पिछडिएका समुदायको पक्षमा अवाज उठाउने काम माओवादीले नै गरेको हो। दलितको अधिकार र पहिचानको विषय माओवादीले न उठाएको हो। महिला, मुस्लिमको कुरा माओवादीले नै उठाएको हो। र यी सबैको कुरा उठाएको कारणले नै मधेशमा माओवादी राम्रो बनेको थियो। मधेशी जनताले पत्याएको थियो जहाँबाट प्रचण्ड पनि चुनाव जित्नुभयो। तर पछिल्लो समय ती एजेण्डा र मुद्दाहरु हामी छोड्दै गयौं। र अरुअरु पार्टीले त्यसलाई उठाउन थाले। त्यसले माओवादी मधेशमा कमजोर देखिएको हो। अब हामी आफ्नो एजेण्डा र मुद्दा पुन त्यही ढंगले उठाउछौं र जनतामा जान्छौं। जनयुद्धको एजेण्डा अझै पुरा भएको छैन। पूर्ण संघीयता लागु भएको छैन। जब कि माओवादी सधै सरकारमा बस्यो, नीति निर्माणको तहमा बस्यो तर कतै नकतै हामी यी कुराहरु मिस गरेका छौं। जनताले पनि भन्न थाले कि सबै पार्टी उस्तै हो। माओवादीलाई पनि त्यही क्याटोगोरीमा राख्यो। माओवादी फरक हो भने कुरा जनतालाई अनुभुत गराउनुपर्छ।

**माओवादी केन्द्रकै कारण यस्तो भएको हो भनि भन्नुभयो तर तपाईले पार्टीको हरेक बैठकमा भन्नुहुन्थ्यो कि मधेशमा गुटबन्दी भयो, फलानोले काम गर्न दिएन, फलानोले गुटबन्दी गरेका कारण मधेशमा पार्टी कमजोर भएको भन्नुहुन्थ्यो के त्यो भनाई गलत थियो त ?**

मैले अघि पनि भनेको थिए कि मधेशमा पार्टीको तर्फबाट केही त्रुटी भएको छ जसको दोषी सबै हुन् म पनि हुँ। पार्टीले त्रुटी गरेको छ भने म पनि पार्टीकै भएको कारणले दोष मैले पनि लिनुपर्छ। तर मधेशमा गडबड भएको हो नि त्यो कुरा मैले पार्टीमा पटक पटक उठाएको हो। मधेशमा पार्टीका लागि सबभन्दा ठूलो संगठन मधेशी राष्ट्रिय मुक्ति मोर्चा कोमा थियो। त्यो के कारणले कसको कारणले कोमा थियो त्यो कुराहरु उठाएको थिए। मधेशमा जसरी नेतृत्व जन्माउनुपर्छ। नेताहरुलाई स्थापित गर्नुपर्छ त्यसमा हामी कतै नकतै चुकेका छौं। हेडक्वाटर कसको घेरामा कसरी पर्‍यो त्यो कुरा मैले बुझ्न सकिरहेको थिएन। माओवादी लडाकु जात हो, लड्ने ठाउँ नपाएर आफैमा लड्न थालेको थियो। तर अहिले अध्यक्ष कमरेड प्रचण्ड मधेशमा केही गर्नुपर्छ, मधेशमा संगठनलाई बनाउनुपर्छ। त्यसका लागि उहाँ आफै अगाडि बढ्नु भएको छ। विभिन्न कार्यक्रमहरु बनाएर पार्टीलाई परिचालन गर्नुभएको छ। नेता तथा कार्यकर्तालाई रिचार्ज गर्नुभएको छ। अब एकजुट भएर परिवर्तनका विरोधीको विरुद्धमा जनमत तयार गर्ने हो। आपसमा लड्नुभन्दा परिवर्तनका विरोधीको विरुद्धमा लड्नुपर्छ।

**मधेशका माओवादीहरु अब ढुक्क भए हुन्छ कि मधेशमा अब कुनै गुटबन्दी छैन ?**

ढुक्क भन्दा पनि सतर्क रहनुपर्छ। सचेत भएर मधेशमा देखिएका र रहेका सबै गुट भत्काउनुपर्छ। गुटबन्दीका जेजति अवशेषहरु छन् ती सबैलाई नष्ट गरेर अगाडि बढ्नुपर्छ।

**मधेशको खास समस्या के हो, तपाई अब के एजेण्डा लिएर मधेशमा काम गर्नुहुन्छ ?**

मधेशमा अझै पनि दास मनोवृति कायम छ। हामी दास मनोवृतिबाट अझै मुक्त भएका छैनौं। आफ्नोको विरुद्धमा लाग्ने र मालिकको सेवा गर्ने प्रवृति मधेशमा अझै कायम छ। सानोलाई दबाउने र ठूलोलाई चाकरी गर्ने प्रवृतिहरु छन्। हामी सबै मिलेर त्यसलाई पहिलो चरणमै ध्वस्त गर्ने हो। अब मधेशमा सबैलाई सम्मान गर्ने, सबैको कुरा सुन्ने, सामूहिक निर्णय गर्ने र सबैलाई गोलबन्ध गर्ने काम हुन्छ। यस्तो गर्‍यो भने मधेशमा माओवादी पार्टी बन्छ र ८४ को चुनावमा राम्रो परिणाम आउछ।

**त्यसो भए मातृका पुरानै रुपमा फर्किएका हुन् कि केही परिमार्जन भएर फर्केका हुन् ?**

यो त तपाई जस्ता पत्रकार तथा जनताले मूल्यांकन गर्ने कुरा हो। म कहिले पनि क्रान्ति विरोधी गतिविधिमा लाग्ने मान्छे होइन, म जनताको पक्षमा लाग्ने व्यक्ति हुँ। त्यो नै मेरो पहिचान हो। यदि मभित्र कुनै समस्या छ भने साथीहरुले पनि भन्नुपर्छ। खुलेर छलफल गर्नुपर्छ। यदि म गलत हुँ भने तत्कालै सुधार गर्छु। ममाथि पनि विभिन्न आरोप लाग्ने गरेको छ। त्यसमा छलफल हुनुपर्छ। यदि म गलत हुँ भने त्यसलाई करेक्सन गर्छु। म गलत हुँ भने मेरो पनि आलोचना हुनुपर्छ तर आलोचना सृजनात्मक हुनुपर्छ ध्वंस्तात्मक होइन। सबै रुपान्तरण हुनुपर्छ। सधै सबै एकनाशको हुँदैन समयक्रम अनुसार सबैमा परिवर्तन आउँछ। तर मुल स्प्रिट मर्न दिनुहुँदैन।

# कहिल्यै अशान्त नहुन

- शान्ति महतो छोरी समीलाई सधै स्कूल पुर्‍याउन जानु हुन्थ्यो । एक दिन स्कूलका प्रिन्सिपलले नै शान्ति महतोलाई स्कूलमा काम गर्न आग्रह गर्नुभएको थियो । तपाईको हाउभाउ, भेषभुषा, भाषा हेर्दा त तपाई तराईबासी जस्तो देखिनु हुन्न, तपाई स्कूलमा पढाउनुस् राम्रो गर्नुहुन्छ भन्नुभएको थियो

- उहाँ राजनीतिमा आउनुअघि नै समाजिक सेवामा आवद्ध भइसक्नु भएको थियो । काठमाडौंमा बस्ने मधेशी महिलाहरुले मैथिल महिला समाज गठन गरेका थिए । त्यसका संस्थापक सचिव शान्ति महतो हुनुहुन्छ । तर सो संगठनमा उहाँ धेरै दिन टिक्नु भएन



ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल, सिर्जना शक्ति भएको मानिस हुँदैन बिफल.. भनि भनाइ शान्ति महतोको जीवनमा मेल खान्छ । मानिसमा प्रतिभा र क्षमता भएपछि त्यसलाई लुकाउन सकिदैन । त्यस्तै भएको छ धनुषा चक्करका ६३ वर्षिय शान्ति महतोको जीवनमा । १३ वर्षकै हुँदा धनुषा कनकपट्टीका जयशंकर महतोसँग विवाह गर्दा शान्ति महतो सात कक्षामा पढ्दै हुनुहुन्थ्यो ।

शान्ति महतोलाई त्यति सानो उमेरमा विवाह गर्ने मन थिएन । विवाहको कुरा घरमा चलेपछि उहाँले नाइ नास्ती पनि गर्नुभएको थियो । तर घरायसी कारणले उहाँ बिहे गर्न बाध्य हुनुभयो । २०३१ जेठमा उहाँको बिहे गर्नुभयो । बिहेपछि उहाँको पढाइमा सिधै ब्रेक लाग्यो । स्कूल ड्रेसमा विद्यालय गएर पढ्नमा ब्रेक लागेको थियो तर घरमा स्वयं अध्ययनमा कुनै रोकावट थिएन । माइतमा बसेर उहाँले स्वयं अध्ययन गरेर आइएसम्म पढ्न भ्याउनुभयो ।

घरमा पढ्नु हुन्थ्यो र स्कूलमा गएर परीक्षा दिनुहुन्थ्यो । त्यसरी उहाँ नौ कक्षासम्म पढ्नुभयो । तर उहाँ एसएलसी दिन पाउनुभएन । एसएलसी दिन नपाएपछि उहाँ घरमा निकै रुनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'मसँगै पढ्ने सहकर्मीहरु एसएलसी दिएर पास गर्नुभयो तर मैले एसएलसी पनि दिन नपाउँदा दुख लागेको थियो र म त्यतिबेला निकै रोएको थिए, यदि मलाई पढ्न दिएको भए म पनि पास हुन्थे ।'

तर शान्ति महतो त्यतिकैमा हार मान्नुभएन । उहाँ भारतको उत्तरमध्यमाबाट म्याट्रिक पास गर्नुभयो । त्यहीबाट आइए पनि गर्नुभयो । त्यसपछि उहाँ घरगृहस्थीमा व्यस्त हुनुभयो । त्यति नै बेला उहाँले बच्चा पनि पाउनु भयो । उहाँको औपचारिक पढाई त्यही बन्द भयो । तर केही गर्ने हुटहुटी उहाँभित्र जिवतै थियो । र मौकाको तलासमा हुनुहुन्थ्यो । काठमाडौं आएपछि उहाँले सो मौका पाउनुभयो र आफ्नो जीवनलाई त्यही रफ्तारमा अगाडि बढाउनुभयो । स्कूलमा पढाउनुदेखि लिएर विभिन्न समाजिक काम तथा राजनीतिक गतिविधिमा संलग्न हुनुभयो । शान्ति महतोको प्रतिभा प्रस्फुटन हुन थालेपछि उहाँका आमा बुवा यहाँसम्म कि सासु ससुरालाई पनि महसुस भयो कि कास बुहारीलाई पढ्न दिएको भए अझै राम्रो गर्नुहुन्थ्यो । बुबाले पनि छोरीलाई थप पढाएको भए झन राम्रो गर्नुहुन्थ्यो भनि भन्न थाल्नु भएको थियो ।

तर शान्ति महतो जेजति शिक्षा हासिल गर्नुभएको छ त्यसको तुलनामा आफूलाई सधै अगाडि राख्नुभएको छ । जीवनलाई शान्तिपूर्वक अगाडि बढाउनु भयो उहाँ कहिले अशान्त हुनुभएन । जीवनको उत्तरार्द्धमा एउटा ठूलो दुर्घटना भएको थियो । तर भगवानका कृपाले उहाँ बाँच्नुभयो । २०७७ मा जनपुरमा स्कुटरबाट एक्सिडेन्ट उहाँ खुट्टा भाँचिएको थियो । त्यसले गर्दा दुई अढाई वर्ष पुरै बेड रेस्टमा हुनुहुन्थ्यो । अहिले उहाँ पूर्णरुपमा स्वस्थ्य हुनुहुन्छ ।

अधुरो शिक्षा

शान्ति महतो भन्नुहुन्छ, 'मेरो जीवन पूर्ण भए पनि शिक्षा अधुरो छ, मलाई खुब पढ्न मन थियो तर घरायसी तथा समाजिक कारणले त्यो इच्छा पुरा भएन ।' उहाँ जति पढ्नु भएको छ, बुबाको कारण पढ्नु भएको छ ।



बुबा हेडमास्टर भएको कारण छोराछोरीलाई पढाउन उहाँले निकै जोड दिनुभएको थियो । त्यही भएर त होला बिहेपछि पनि छोरीलाई भारतको उत्तरमध्यमाबाट म्याट्रिकका साथै आइएसम्म पढाउनुभयो ।

शान्ति महतोको पढाइको सुरुवात गाउँकै प्रावि स्कूलबाट भएको थियो । तीन कक्षासम्म त्यहाँ पढेपछि चार कक्षा पढ्नका लागि बुबा कहाँ जानुभयो । त्यतिबेला उहाँको बुवा लक्ष्मीप्रसाद सुमन सिन्धुलीको कमलामाइ स्कूलमा हेडमास्टर हुनुहुन्थ्यो । उहाँ त्यही गएर चार कक्षादेखि पढ्न थाल्नुभयो । त्यहाँ कक्षा ६ सम्म पढ्नुभयो । बुबाको सरुवा धनुषाको जदुकोहा स्कूलमा भयो । शान्ति महतो पनि बुबासँगै जदुकोहा पुग्नुभयो । त्यहाँ बुबासँगै होस्टलमा रहेर बढ्न थाल्नुभयो । सानैदेखि चञ्चल स्वभावका शान्ति महतो कुनै केटाभन्दा कम हुनुहुन्थेन । पढाइमा पनि तेजतरार उहाँ स्कूलमा हुने हरेक अतिरिक्त क्रियाकलापमा अगुवाइ गर्नुहुन्थ्यो । होस्टलमा बस्दा स्कूलकै जग्गामा उहाँले कृषि कर्म पनि गर्नुहुन्थ्यो । त्यतिबेला पनि उहाँ साइकल चढ्नु हुन्थ्यो जुन त्यतिबेला तराई मधेशमा कल्पना समेत गर्ने कुरा थिएन । तर उहाँ त्यतिबेला पनि साइकल चढ्नु हुन्थ्यो । सिन्धुलीमा तीन चार वर्ष पढेको कारण उहाँको नेपाली भाषा पनि धेरै राम्रो भइसकेको थियो । घरमा आमा-बुबासँग नेपालीमै कुरा गर्नुहुन्थ्यो ।

अर्थात सानैदेखि केही नकेही गरिरहनु पर्ने स्वभावका शान्ति महतो यो ६३ वर्षको उमेरमा पनि केही नकेही गरिरहने चाहना राख्नुहुन्छ र अहिले पनि विभिन्न समाजिक संघ संस्थाहरुमा आवद्ध भएर सेवा दिइरहनु भएको छ ।

जदुकोहाको स्कूलमा सात कक्षामा अध्ययन गरिरहेको बेला उहाँको बिहे भयो । बिहे भएपछि उहाँले पढाईलाई निरन्तरता दिनुभएन । ससुराल पक्षको चाहना बुहारी स्कूल नजाओस् भन्ने थियो । त्यतिबेला गाउँघरको परिवेश नै त्यही थियो । त्यसैको अज्ञा पालन गरेर उहाँ स्कूल जान छाड्नु भएको थियो । तर उहाँको पढ्ने इच्छा मरेको थिएन । उहाँले जहिले पनि आफ्नो बुबासँग पढाइका लागि गुनासो गर्नुहुन्थ्यो । त्यसपछि उहाँको बुबाले भारतको बिहारमा नाम लेखाइ दिएर उत्तरमध्यमबाट म्याट्रिक पास गराउनुको साथै त्यहीको एउटा कलेजमा आइएसम्म पढ्नुभयो । त्यसपछि उहाँ ससुरालमा बस्न थाल्नुभयो । बच्चा भएपछि थप पढाइका लागि उहाँले प्रयास पनि गर्नुभएन । श्रीमान जयशंकर महतो राष्ट्रिय समाचार समितिमा जागिरे भएको कारणले काठमाडौंमा हुनुहुन्थ्यो ।

बिहेपछि शान्ति महतो लामै समय घर (ससुराल)मा बस्नुभयो । आफ्नो गाउँ (ससुराल)मा त्यतिबेला पढे लेखेको महिलामा शान्ति महतो मात्र हुनुहुन्थ्यो । तर आफ्नो शिक्षालाई आफ्नो घरभित्र सिमित राखेकोमा शान्तिलाई दुख पनि लागि रहेको थियो । उहाँलाई उकुसमुकुस थियो, उहाँ भन्नुहुन्छ, 'त्यतिबेला त्यो गाउँमा पढे लेखेको महिलामा म मात्र थिए, मेरो चर्चा हुन्थ्यो कि फलानोको बुहारी यति पढे लेखेका छन् तर त्यसको सदुपयोग गर्न नपाउँदा दुख लागि रहेको थियो, शुद्ध गृहणीको रुपमा घरमै बस्थे ।'

के गरौं भने मनमा उहाँलाई नआएको होइन तर गरौं के घरबाट निस्कन पाइरहनु भएको थिएन । त्यतिबेलाको समाज नै त्यस्तै थियो । बिहे गरेर बुहारी ल्याएपछि घरमा राख्नुलाई गर्व महसुस गर्ने समाज थियो त्यतिबेलाको । शान्ति महतोले एउटा छोरा र अर्को छोरी दुईटा बच्चा गाउँमै जन्माउनु भयो । छोरा त्यही गाउँको स्कूलमा पढ्थे भनि छोरी सानै थिइन् ।

छोराका कारण काठमाडौंको बसाइ

काठमाडौंको बुढानिलकण्ठमा छात्रवृतिका लागि सूचना निस्केको थियो । त्यो सूचना लिएर बुवा लक्ष्मीप्रसाद शान्ति महताको घरमा पुग्नुभएको थियो । बुढानिलकण्ठमा छात्रवृतिमा निस्केको छ, त्यहाँ नातीका लागि फर्म भराई दिने हो कि भनि छोरी शान्तिलाई उहाँले भन्नुभएको थियो । शान्ति महतोले

# नु भएका शान्ति महतो

काठमाडौँमा श्रीमानसँग कुरा गरेर बुढानिलकण्ठ स्कूलमा फर्म भर्न लगाउनुभयो ।

परीक्षा दिलाउनका लागि शान्ति महतो आफै छोरालाई लिएर काठमाडौँ आउनुभयो । शान्ति महतोका छोरा शम्भु साह प्रवेश परीक्षा पास गरे । बुढानिलकण्ठमा पढ्ने भएपछि होस्टलमै बस्नुपर्छ नियम छ । शान्ति महतोले छोरालाई होस्टलमा राखेर आफू पनि काठमाडौँमै श्रीमानसँग बस्न थाल्नुभयो । छोरी समी साहलाई मेरी गोल्ड बोर्डिङ स्कूलमा भर्ना गराउनुभयो । छोरा होस्टलमा र छोरी सधै स्कूल जाने, श्रीमान आफ्नो काममा अफिस जाने भएपछि शान्ति महतो घरमा एक्लै हुनुभयो ।

अब केही गर्नुपर्छ भनि सोच उहाँको मनमा आउन थाल्यो तर के गर्ने, कहाँ जाने भनि तत्कालै कुनै उपाय आइरहेको थिएन । उहाँ काठमाडौँ आएको पहिलो पटक होइन, पहिला पनि कहिले काहीं श्रीमान कहाँ आउनु हुन्थ्यो । त्यसले काठमाडौँमा उहाँका लागि नौलो केही थिएन ।

**जागिर र राजनीतिक**

शान्ति महतो छोरी समीलाई सधै स्कूल पुर्‍याउन जानु हुन्थ्यो । एक दिन स्कूलका प्रिन्सिपलले नै शान्ति महतोलाई स्कूलमा काम गर्न आग्रह गर्नुभएको थियो । तपाईको हाउभाउ, भेषभुषा, भाषा हेर्दा त तपाई तराईबासी जस्तो देखिनु हुन्न, तपाई स्कूलमा पढाउनुस् राम्रो गर्नुहुन्छ भन्नुभएको थियो । त्यतिबेला स्कूललाई एउटा शिक्षिका चाहिएको पनि थियो । प्रिन्सिपलको त्यो प्रस्तावपछि शान्ति महतोले भन्नुभएको थियो, 'म पढाउन सक्छु र, सक्दिन होला ।' प्रिन्सिपलले सक्नु हुन्छ तपाई ट्राइ त गर्नुस्, भन्नुभएको थियो । त्यसपछि शान्ति महतो त्यो स्कूलमा पढाउन थाल्नुभयो । उहाँ तीन कक्षाका विद्यार्थीलाई पढाउनु हुन्थ्यो । पढाइमा कहिले कुनै गुनासो भएन, बरु उहाँको पढाइलाई तारिफ नै हुन्थ्यो ।

उहाँले स्कूल पढाउन थालेपछि श्रीमानलाई कुनै आपत्ति थिएन । बरु खुशी नै हुनुहुन्थ्यो । स्कूलमा पढाउन थालेपछि सासु ससुरा पनि खुशी हुनुभएको थियो । सासु-ससुरा काठमाडौँ आएको बेला बुहारीमा देखेको परिवर्तनले दंग पर्नुहुन्थ्यो । गाउँमा उहाँहरुले गर्वका साथ बुहारीले जागिर गर्न थालेको भन्नुहुन्थ्यो । त्यही सासु आमा, ससुर बुवाले बुहारीलाई घरबाट निस्कन दिइरहनु भएको थिएन । तर बदलिँदो परिवेशलाई उहाँहरुले पनि स्विकार गर्नुभएको थियो ।

शान्ति महतो भन्नुहुन्छ, 'गाउँमा हुँदा गाउँको परिवेश र त्यहाँको चलन अनुसार बसे शहर आएपछि यहाँको परिवेश अनुसार बस्न थाले । सासु-ससुरा पनि यहाँको परिवेश थाह पाएपछि यो पनि ठिकै हो भनि खुशी हुनुभयो ।' पछि त उहाँहरुलाई लाग्न थाल्यो कि सुरुमा बुहारीलाई घरमै राखेर गल्ती गरियो कि क्या हो ।

स्कूल पढाउन थालेपछि शान्ति महतो बिस्तारै काठमाडौँको समाजमा पनि खुल्न थाल्नुभयो । विभिन्न मान्छेहरुसँग सम्पर्कमा जानुभयो । विभिन्न संगतले गर्दा बिस्तारै उहाँको रुची राजनीतितर्फ पनि बढ्न थाल्यो । नेपाल सद्भावना पार्टीकी तत्कालिन नेतृ सरस्वती चौधरीसँग उहाँको सम्पर्क थियो । सरस्वति चौधरी पत्रकार तथा साहित्यकार हुनुहुन्छ । सरस्वती चौधरीले नै शान्ति महतोलाई नेपाल सद्भावना पार्टीमा सम्पर्क




गराइ दिनुभएको थियो ।

शान्ति महतो नेपाल सद्भावना पार्टीमा आवद्ध हुनुभयो । सो पार्टीको महिला विभागमा सक्रिएर भएर राजनीति गतिविधिमा लाग्नु भएको थियो । उहाँ राजनीतिमा आवद्ध हुनुको साथै स्कूलमा पनि पढाउनु हुन्थ्यो । एकपटक घरमा एउटा समस्या भएपछि उहाँ गाउँ जानुभयो । छ महिनासम्म गाउँको घरमै बस्नुभयो । उहाँ काठमाडौँ फर्केपछि सो ठाउँमा स्कूलले अर्कोलाई मान्छे राखि सकेको थियो ।

त्यसपछि उहाँ पूर्ण रुपमा राजनीतिमा सक्रिय हुनुभयो । नेपाल सद्भावना पार्टीमा महिला विभागमा सक्रिय हुनुभयो । पार्टीको साधारण सदस्य मात्र हुनुहुन्थ्यो तर उहाँ पार्टीमा पूर्णकालिन कार्यकर्ता जस्तो काम गर्नुहुन्थ्यो । निभा साह, राधा कायस्थलगायतका महिलाहरु त्यतिबेला सो पार्टीमा सक्रिय हुनुहुन्थ्यो । पार्टीले गर्ने हरेक गतिविधिमा सहभागी हुनुको साथै पार्टी गर्ने आन्दोलनमा अग्रमोर्चामा उहाँ देखिनु हुन्थ्यो ।

तर पछि सो पार्टी टुटफुट हुन थालेपछि उहाँ निस्कृय हुन थाल्नुभएको थियो । मधेश आन्दोलन चलिरहेको थियो । मधेश आन्दोलनका लागि काठमाडौँमा हुने हरेक गतिविधिमा उहाँ सहभागी हुनुहुन्थ्यो । उहाँ मधेशी महिला समाजको अध्यक्ष पनि हुनुहुन्थ्यो । कहिले काही मधेशी महिला समाजको ब्यानरमा त कहिले काही पार्टीको ब्यानरमा कार्यक्रम गर्नुहुन्थ्यो ।



पार्टी र मधेशी महिला समाजमा उहाँ पूर्ण रुपमा सक्रिय भएर काम गर्नुभयो । मधेश आन्दोलन सम्पन्न भएपछि उहाँ नेपाल सद्भावना पार्टी छाडेर तत्कालिन मधेशी जनअधिकार फोरममा आवद्ध हुनुभयो । उहाँ भन्नुहुन्छ, 'म फोरममा आफै गएको होइन, फोरमबाट नै मलाई विभिन्न नेताहरुले प्रस्ताव गर्नुभएको थियो । उपेन्द्र यादवको चाहना पनि म फोरममा आवद्ध होऊ भन्ने थियो ।' मधेश आन्दोलनदेखि लिएर अन्य मधेशी गतिविधिमा शान्ति महतोको सक्रियता देखेर नै फोरमले उहाँलाई पार्टीमा ल्याउन चाहेको थियो ।

फोरममा उहाँ आवद्ध हुनुभयो । पहिलो संविधानसभाको चुनाव हुँदा उहाँ चुनाव प्रचार प्रसारमा पनि खटिनु भएको थियो । उहाँको नाम पनि समानुपातिकमा राखिएको थियो । संविधानसभामा लगभग समानुपातिक सदस्य हुने निश्चित नै थियो । उहाँलाई पार्टीका नेता तथा बाहिरका व्यक्तिहरुले बधाई समेत दिइरहेका थिए । तर परिणाम आउँदा सुरिता साहको भयो । शान्ति महतोले भन्नुभयो, 'सुरिता साहलाई समानुपातिकमा कुन मेरिटमा भयो किन भयो त्यसमा मेरो कुनै गुनासो छैन तर मैले त्यतिबेला फिल गरेको कुरा पार्टीले धोका दियो भन्ने थियो ।' अन्तिमसम्म पार्टीका नेतृत्वमा रहेका नेताहरुले शान्ति महतोको नै हुने निश्चित गरेको थियो । सबैले बधाइ पनि दिएको थियो । तर अन्तिममा नाम अरुको भएपछि त्यतिबेला शान्ति महतोको चित्त दुखेको थियो । त्यसरी पार्टीबाट धोका पाएपछि उहाँ बिस्तारै निस्कृय हुनुभयो ।

पार्टीमा आउजाउ गर्न छाड्नुभयो । उहाँ भन्नुभयो, 'मलाई त्यही दिनदेखि राजनीतिबाट बितृष्णा जाग्यो, म त्यही बेलादेखि राजनीति त्यागे, त्यसपछि कुनै पनि पार्टीमा आवद्ध भइनन् ।' राजनीति सोझा सिधाका लागि होइन, राजनीतिमा जसले जति झुठो बोल्यो, जति अरुलाई गाली गर्‍यो, बार्गेनिङ गर्‍यो त्यसको त्यति बढी उन्नती हुने गरेको अनुभव शान्ति महतोको छ । उहाँ भन्नुहुन्छ, 'जति पनि नेताहरु हुनुहुन्छ सबै आआफ्नो व्यक्तिगत स्वार्थका लागि मात्र राजनीति गर्नुहुन्छ, जनताका लागि कसैले राजनीति गर्दैनन् यदि जनताका लागि राजनीति गरेको भए यस्तो सानो देश, सम्भावना भएको देश, साधान स्रोत भएको देश उभो लाग्न टाइम लाग्दैन्थ्यो तर नेताहरुको कारण देशको हालत यस्तो भएको हो ।'

**समाजिक सेवा**

उहाँ राजनीतिमा आउनुअघि नै समाजिक सेवामा आवद्ध भइसक्नु भएको थियो । काठमाडौँमा बस्ने मधेशी महिलाहरुले मैथिल महिला समाज गठन गरेका थिए । त्यसका संस्थापक सचिव शान्ति महतो हुनुहुन्छ । तर सो संगठनमा उहाँ धेरै दिन टिक्नु भएन । सो संस्थाको उपाध्यक्षसम्म पनि हुनुभयो तर अध्यक्ष बन्न सक्नु भएन । उहाँलाई लागेको थियो मैथिली महिला समाज समग्र मधेशी महिलाका लागि काम गर्ने संस्था हो तर पछि ब्राहमण समुदायको संस्था हुन गयो । ब्राहमण जातिको बर्चस्व थियो । त्यसपछि उहाँ त्यहाँबाट निस्किनुभयो । र आफ्नै अध्यक्षतामा २०६३ मा मधेशी महिला समाज गठन गर्नुभयो । हरेक जातिका मधेशी महिलालाई आवद्ध गराउने गरी संस्थालाई अगाडि बढाउनुभयो । सुरुमा काठमाडौँमा रहेका मधेशी महिलाको हकहित र उसको पहिचानका लागि काम सुरु गरेको थियो तर पछि देशैभरका मधेशी महिलाको लागि काम गर्न थाल्यो ।

राजनीति छाडेपछि अधिकाँश समय उहाँ यस्तै समाजिक सेवामा दिन थाल्नुभयो । २०६८ सालमा मधेशी महिला समाजको अध्यक्षबाट उहाँ हट्नुभयो अरुलाई जिम्मेवारी दिनुभयो । अध्यक्षबाट हटेपनि उहाँले मधेशी महिला समाजलाई छाड्नु भएन । उहाँ अहिले पनि सो संस्थासँग आवद्ध रहनु भएको छ । उहाँ भन्नुहुन्छ, 'छोराछोरी जन्माएर त्यसलाई हुर्काउन जति कष्ट हुन्छ त्यति नै कष्ट मलाई यो संस्था बनाउन लागेको हो त्यसैले ह्वातै छाड्न मन लाग्दैन । जिम्मेवारी अरुलाई दिएको छ तैपनि त्यहाँ मबाट हुने सहयोग र कार्यक्रमहरु गरिरहेको हुन्छु ।'

तर शान्ति महतो अध्यक्ष हुँदा मधेशी महिला समाज जति सक्रिय थियो त्यति सक्रिय अहिले छैन । शान्ति महतो अध्यक्ष भएको बेला मधेशका हरेक इस्युमा छलफल हुन्थ्यो । विचार, अन्तरक्रिया तथा गोष्ठी कार्यक्रमको आयोजना गर्थ्यो । अन्तरराष्ट्रिय संघ संस्थासँग समेत आफ्नो सम्बन्ध बनाइ सकेको थियो । अर्थात काठमाडौँदेखि तराईसम्म मधेशी महिला समाजले आफ्नो पहिचान बनाइ सकेको थियो ।

मधेशी महिला समाजबाट अलग भएपछि शान्ति महतोले वमेन एक्ट भन्ने संस्थामा आवद्ध हुनुभयो । त्यसको बोर्ड मेम्बर नै बन्नुभयो । महिलाको अधिकारको क्षेत्रमा काम गर्ने संस्था भएको कारणले शान्ति महतोलाई मधेशी महिलाको वकालत गर्नका लागि राखेको थियो । देशैभरका जिल्लाहरुमा गएर महिलाहरुलाई शिक्षा दिने, चेतना बढाउने खालको कार्यक्रमको आयोजना गर्ने, अन्तरक्रिया गर्ने काम उहाँले गर्नुहुन्थ्यो । सुरुमा शान्ति महतोलाई तराईको जिम्मेवारी दिएको थियो । तर मधेशमा यस्तो कार्यक्रमलाई नराम्रो नजरले हेर्ने गरेको कारण शान्ति महतोलाई काम गर्न गाह्रो भइरहेको थियो ।

त्यसपछि उहाँले हिमाल, पहाडको कार्यक्षेत्र लिनुभयो । पहाडी जिल्लामा मधेशभन्दा काममा सहज थियो भनि उहाँको बुझाई छ । पाँच वर्ष सक्रिय भएर काम गर्नुभएका शान्ति महतो पछि त्यहाँ निस्कृय हुनुभयो । आउजाउ गर्नुहुन्थ्यो तर त्यति कार्यक्रम थिएन । कोभिडका कारण थुप्रै कार्यक्रम प्रभावित भएको कारण फिल्डमा कार्यक्रम नै थिएन । हुन त उहाँ अहिले पनि त्यसमा आवद्ध हुनुहुन्छ । केही दिन अगाडि मात्र उहाँ सो संस्थाको सचिवमा चयन हुनुभएको छ ।

तर कार्यक्रम नभएको कारण त्यति सक्रियता त्यहाँ छैन । उहाँ पतञ्जली योगपिठमा आवद्ध हुनुहुन्छ । २०५२ तिर एक जना साथीको साथमा पतञ्जली योगपिठमा योगाका लागि जानुभएको थियो । केही दिन उहाँले योगा गर्नुभयो । योगा गर्नेहरुको परीक्षा लियो । ७८ जनाले परीक्षा दिएका थिए । पास गरेकोमध्ये उहाँले थर्ड गर्नुभयो । उहाँ पतञ्जलीको योगा प्रशिक्षक बन्नुभयो । त्यसपछि उहाँ ठाउँ ठाउँमा योगा सिकाउन जान थाल्नुभयो । उहाँलाई भ्याइ भ्याइ हुन्थ्यो । उहाँ यही योगा सिकाउने क्रममा देशका ६० भन्दा बढी जिल्ला पुग्नुभएको छ ।

सुरुमै पताञ्जली योगपीठ नेपाल काठमाडौँको



कोषाध्यक्ष हुनुभएको थियो । ६ वर्ष त उहाँ जनकपुरको प्रभारी भएर काम गर्नुभयो । प्रचण्ड, र उहाँको श्रीमती तथा छोराछोरीलाई समेत योग सिकाउनु भएका शान्ति महतो पताञ्जली योगपीठ बागमती प्रदेशको सल्लाहकार हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म यो योगपीठमा पैसा कमाउन वा केही पाउनका लागि होइन मानवलाई सेवा गर्नका लागि आवद्ध भएको हुँ ।' निस्वार्थ भावले यसमा लागेको कारण अहिलेसम्म सबैले विश्वास गरेको उहाँले बताउनुभयो ।

उहाँ शान्तिनगर टोलमा महिलाहरुसँग मिलेर सहकारी पनि खोल्नुभएको थियो । अहिले पनि त्यो सहकारी चलिरहेको छ । सामूहिक बचत कोष नाममा सो सहकारी खोलिएको थियो ।

बाँकी पृष्ठ १२ मा

## समाचार

# भूमि सम्बन्धी अध्यादेशले भुमाफियालाई पोस्ने मेसो

प्रधानमन्त्री केपी शर्मा नेतृत्वको सरकारले छ वटा अध्यादेश ल्याएको छ। तीमध्ये भूमिसम्बन्धी अध्यादेशमा मधेशवादी दलहरुको आपत्ति रहेको छ। अध्यादेशको बारेमा अध्ययन गर्न जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीका उपाध्यक्ष राजकिशोर यादवको संयोजकत्वमा कार्यदल नै गठन गर्नुभएको थियो। सो कार्यदलले पनि तराई मधेशको हितमा भूमि सम्बन्धी अध्यादेश छैन। यसलाई कुनै पनि हालतमा पास गराउनु हुँदैन भनि सुझाव दिएको छ। राष्ट्रिय वन जंगल अतिक्रमण र फडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिलाई जग्गा बाँड्ने मनसायले काँग्रेस-एमाले गठबन्धन सरकारले यो अध्यादेश ल्याएको बुझाई मधेश केन्द्रीत दलहरुको रहेको छ। हालसम्म जसपा नेपाल र लोसपा नेपाल भूमि सम्बन्धी अध्यादेशलाई खुलेर विरोध गरेका छन्। त्यसको पक्षमा नजाने भनि स्पष्ट गरेको छ।

"भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्र समेत नतोकी विक्रि वितरण गर्ने वा बाइन ल्याईएको देखिएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताउनुभयो। अध्यादेशले घरजग्गा व्यवसाय, अव्यवस्थित बसोबास, जग्गा विकास गरी घडेरी वा त्यस्तो घरेडीमा घर निर्माण गरी विक्रि वितरण गर्ने भनि सरकारले सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, वन, राष्ट्रिय निकुन्ज तथा आरक्षणको जग्गा, गौचर हाट, हाटघाट वा बजारको जग्गा, सडक छेउको जग्गा, वन क्षेत्र वा मध्यवर्ती क्षेत्र जनिएको जग्गा, बुट्यान क्षेत्र जनिएको जग्गाका साथै राष्ट्रिय वन जंगल अतिक्रमण गरी, फडानीगरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई बाड्ने उद्देश्यले यो अध्यादेश ल्याएको अध्यक्ष यादवले बताउनुभयो।

यो अध्यादेश आएपछि वन विनाश भई पर्यावरण र जैविक विविधता नष्ट हुनुका साथ आन्तरिक बसाई सराई तथा आप्रवाशनमा अत्याधिक वृद्धिका कारण भविष्यमा आन्तरिक द्वन्दको सृजना भई मुलुकलाई नै छिन्नभिन्न पार्ने खेल हुन सक्ने सम्भावना रहेको बताउँदै उहाँले चुरिया क्षेत्रमा समेत यसबाट गम्भीर असर पर्न जानेछ, जसबाट तराई / मधेश मरुभूमिकरणमा परिणत हुनेछ बताउनुभाये। यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिशन खोर, विचौलिया दलाल, सरकार नजिक रहेका व्यक्तिहरु, भू-माफीयाहरू र ठूला रियल स्टेट व्यापारीहरुका साथै आवाश कम्पनिहरुलाई नै अत्याधिक लाभ हुने उहाँले दाबी गर्नुभयो। सरकारले भूमिहीन दलित, भूमिहीन र गरिब सुकुम्वासी र अव्यवस्थित बसोबास आदिको समस्या समाधान गर्न चाहने हो भने नेपालको प्रचलित ऐन कानुनमा प्रर्याप्त व्यवस्था रहेको उल्लेख गर्दै अध्यक्ष यादवले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" दीर्घकालिन रूपमा देश र समग्र राष्ट्रको हित विपरित रहेको प्रष्ट पार्नुभयो।

त्यस्तै, लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले यस अध्यादेशको अन्तर्यको अध्ययन गर्दा समग्रमा अत्यन्त गरीब र पिछडिएका डोम, मुसहर, चमार, दुसाध, सन्थाल, गनगाई, राजवंशी, रानाथारु लगायतका पूर्णरुपमा कृषिमा आधारित गरीब समुदायलाई यसको उपलब्धिको दायराबाट वंचित राखिने देखिएको बताउनुभयो। यो अध्यादेशले वन- फडानि र अवैध कब्जा गर्ने प्रवृतिलाई बढावा दिने उल्लेख गर्दै अध्यक्ष ठाकुरले समग्रमा यो अध्यादेश जनताको हित विपरित भएको बताउनुभयो।

भूमिसम्बन्धी अध्यादेशको दफा ५२ (ख) को उपदफा ४ (क) .... को नदी किनार, राष्ट्रिय निकुञ्ज, वन क्षेत्र ... पछि, चुरे वन क्षेत्रमा छरिएर रहेका घर छाप्रो भनेर थप्न जसपा नेपालको कार्यदलले सुझाव दिएको छ। त्यस्तै, दफा ५२ (ग) को (ख) को उपदफा (३) १ मा .. ...अव्यवस्थित बसोबासीहरूलाई बढीमा २ कट्ठा जग्गा उपलब्ध गराउन सकिनेछ भनी प्रावधान थप्न सुझाव दिइएको छ। ऐनमा नै सुकुम्बासीलाई बढीमा कति जग्गा दिने र अव्यवस्थित बसोबासीलाई कति जग्गा दिने भन्ने स्पष्ट प्रावधान राख्नुपर्ने भनेको सुझावमा भनिएको छ। अहिले अध्यादेशलाई सच्याउन सकिएन भने पछि संशोधित भूमि ऐन को दफा ६१(क) बमोजिम मन्त्रालयले बनाउने निर्देशिका, कार्यविधिमा सांसदको नियन्त्रण नरहन सक्छ।

भूमिसम्बन्धी अध्यादेश २०८१ मा तराई मधेसका पुराना सहर, बजार, बस्तीको गाउँ ब्लक, बिटौरीको जग्गा भोगचलन गरि तिरो तिरी रहेका व्यक्तिहरूको नाप नक्सा गरी जग्गा धनी पुर्जा वितरण गरिनेछ भन्ने बुँदा समावेश गराउनुपर्ने सुझाव पनि दिइएको छ। त्यसका साथै सुकुम्बासीलाई सकभर आफ्नै जिल्लामा जग्गा वितरण गर्ने व्यवस्था गर्नु पर्ने प्रावधान राख्नुपर्ने उल्लेख छ। भूमिहीन दलित भन्ने शब्द को अगाडि 'मुसहर, बातर, खत्वे, डोमलगायत तराई मधेसका भूमिहीनलाई प्राथमिकता साथ जग्गा उपलब्ध गराइनेछ' भन्ने वाक्यांश थप्न लगाउनुपर्ने सुझाव पनि दिएको छ।

भूमि सम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज ऐन, २०२९ र वन ऐन, २०७६ मा सार्वजनिक जग्गा, राष्ट्रिय निकुञ्जमा पर्ने जग्गा र वन क्षेत्रभित्रका जग्गा र भूमि सम्बन्धी ऐन २०२१ ले नै बाँड्न, बिक्री वितरण गर्न बन्देज लगाइएकोमा यो अध्यादेशमा विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्र समेत नतोकी बिक्री वितरण गर्ने वा बाँड्न उपर्युक्त ऐनमा संशोधन गर्ने गरी अध्यादेश ल्याइएको छ। यसअघि सार्वजनिक जग्गा, राष्ट्रिय निकुञ्ज र वन क्षेत्रभित्रको जग्गा बाँड्न बिक्री वितरण गर्न कानुनले रोकिएको अवस्थामा यसरी अध्यादेश ल्याई सो क्षेत्रलाई पुनः नक्साङ्कन गरी नेपाल सरकारको नामा ल्याएर आफ्नो अनुकूलका व्यक्तिलाई विभिन्न बहानामा बिक्री वितरण गर्ने आशंका जसपा नेपालले गरेको छ।

### संकटमा...

यी दलहरुले समर्थन फिर्ता लिए पनि पुन विश्वासको मत लिनुपर्दैन किनभने एमालेका अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुनका लागि काँग्रेस र आफ्ना पार्टीका सांसदको नाम मात्र राष्ट्रपति कार्यालयमा बुझाउनु भएको थियो। ओली नेतृत्वको सरकार ढाल्नका लागि काँग्रेस पनि तयार हुनुपर्छ। तर काँग्रेसले अहिलेसम्म त्यस्तो संकेत देखाएको छैन।

प्रधानमन्त्री ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेशका कारण सरकारको जग हलिएको हो। भूमि सम्बन्धी अध्यादेशमा मधेशवादी दलहरुले असन्तुष्टि जनाएका छन्। सरकारलाई समर्थन गरेको जसपा नेपाल र सरकारमै रहेको लोसपा नेपालले विज्ञप्ति जारी गरेर नै अध्यादेशको विपक्षमा उभिएका छन्। त्यसबाहेक अन्य दलहरु जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीले पनि अध्यादेशमाथि असन्तुष्टि व्यक्त गर्दै आएका छन्। राष्ट्रियसभामा जसपा नेपाल र लोसपा नेपालबाहेक अरु कुनै पनि मधेश केन्द्रीत दलको सांसद छैनन्। तैपनि असन्तुष्टि जनाउँदै सरकारबाट बाहिर निस्कियो वा समर्थन फिर्ता लियो भने ओली नेतृत्वको सरकारमाथि नैतिक संकट उत्पन्न हुन्छ र सरकार ढल्छ। आठ दलिय मोर्चा बनाएका यी दलहरुलाई सरकारबाट समर्थन फिर्ता लिनका लागि दबाव छ।

सरकारलाई समर्थन दिएका सबै दलले समर्थन फिर्ता लिए भने काँग्रेसले मात्र प्रधानमन्त्री ओलीलाई काँध थाप्ने अवस्था रहदैन। त्यो दलमाथि पनि नैतिक दबाव पर्छ। उसले पनि एमालेलाई साथ छाड्ने अवस्था आउनसक्ने विश्लेषण भइरहेको छ। यतिकै पनि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले दुई तिहाइको शक्तिशाली सरकारलाई हलाई दिएको छ। राष्ट्रियसभामा तीन सांसद रहेको जसपा नेपाल निर्णायक अवस्थामा छ। सत्ता गठबन्धनलाई राष्ट्रियसभामा एक जना सांसद मात्र चाहिन्छ। जसपा नेपालले साथ नदिएमा कुनै पनि अध्यादेश पारित हुनेछैन।

संसद्का दुई ठूला दल कांग्रेस र एमालेको गठबन्धन सरकार छ। संविधान संशोधनको मुद्दा अघि सारेर बनेको दुई दलीय गठबन्धनको सडकदेखि संसद हुँदै राज्यका हरेक निकायमा बलियो पकड छ। तर, संसदमा सामान्य बहुमतले पारित हुने अध्यादेश पेश गर्न भने डराइरहेको छ। माघ २४ गते दुवै सदनको कार्यसूचीमा अध्यादेशलाई राखिएको थियो। तर बहुमत नजुट्ने देखेपछि सरकारले सूचिबाट हटाउन बाध्य भयो। संविधान नै संशोधन गर्ने भनेर बनेको गठबन्धन सरकार अध्यादेशमै यसरी अड्किएपछि सरकारलाई कायम राख्न कुनै नैतिकताले साथ दिँदैन भनि विश्लेषण भइरहेको छ।

संसद् बैठक नबसेको बेला सरकारलाई अत्यावश्यक कानुन अध्यादेशमार्फत ल्याउने संवैधानिक व्यवस्था छ। तर, त्यस्तो अध्यादेश ६० दिनभित्र संसद्बाट पारित हुनुपर्छ। सामान्यतः संसद् अधिवेशनको पहिलो दिन नै अध्यादेश निर्णयार्थ पेश गर्ने प्रचलन छ। संसद खुलेकै दिन भनिए पनि त्यसपछि बसेका बैठक भन्ने अर्थ लाग्ने भाषा लेखिएकाले भोलिपल्ट मात्र पेश गरेको इतिहास पनि छ। यसपटक भने संसद खुलेको यत्तिका दिनसम्म अध्यादेश निर्णयार्थ प्रस्तुत गरिएको छैन। त्यसले पुष्टि हुन्छ कि ओली नेतृत्वको शाक्तिशाली सरकार संकटमा छ।

संसद अधिवेशन आह्वान गरिसकेको अवस्थामा ल्याइएका ६ वटा अध्यादेश माघ २४ गतेको संसद् बैठकमा पेश गर्ने तयारी थियो। तर, राष्ट्रिय सभामा बहुमत नपुग्ने भएपछि सरकारको आग्रहमा संसद सचिवालयले अध्यादेशलाई कार्यसूचीबाट हटायो। त्यसपछि माघ २७ गते पेश गर्ने भनिए पनि सरकार लगातार पछि हटिरहेको छ। अहिलेको राजनीतिको केन्द्रबिन्दुमा जसपा नेपाल रहेको छ। जसपा नेपालाई काँग्रेस र एमाले मिलाउनका लागि निकै कसरत गरिरहेका छन्। तर तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई उचालेर आफ्नो पार्टी फुटाएको भन्दै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कुनै पनि हालतमा ओलीलाई साथ नदिने भएको छ। त्यसो त अध्यादेश खारेज भए पनि त्यसअन्तर्गत भए-गरेका कामहरू यथावत् रहन्छन्। तर सरकारले ल्याएको अध्यादेश पास नभएपछि ओलीसमक्ष नैतिक संकट उत्पन्न भएको छ।

### सरकार र सिके...

एकातिर सरकारले समाजिक सञ्जालमा जथाभावी लेखे नगद जरिवानासहित कैदसम्मको जरिवाना गर्ने नियम बनाउन लागेको छ भने अर्कोतिर पार्टीले प्रत्येक दिन एक पोस्ट नगरे पार्टीको पदबाट घटुवासम्म गरिने चेतावनी दिइसकेपछि के गर्ने भनि कतिपय नेताहरु अन्योलमा छन्।

यहाँसम्म कि आफ्नो फेसबुक, ट्वीटरलगायत अन्य समाजिक सञ्जालको आइडी पार्टीमा बुझाउन पनि अध्यक्ष राउतले निर्देशन दिनुभएको छ। अनुगमन गर्ने उद्देश्यले सो आइडी मागेको हो। तर आइडी दिइसकेपछि त्यसको दुरुपयोग हुँदैन भनि ग्यारेन्टी के छ भनि प्रश्न पनि गर्न थालेका छन्। प्रत्येक दिन एक पोस्ट गर्न भनेको छ तर पार्टीका पदाधिकारी तथा सदस्यहरुले समाजिक सञ्जाल वा सार्वजनिक रुपमा पार्टीको विरुद्धमा अभिव्यक्ति दिने, बोल्ने, लेख्ने वा पार्टीको छविमा आँच आउने वा पार्टीलाई अहित हुने गतिविध गरेमा विधान अनुसार कारबाही हुने भनिएको छ। यो त सरकारले तोकेको जेल सजायभन्दा पनि कडा रहेको छ। सरकारको प्रस्तावित विधेयकमा करिब दर्जन ठाउँमा सामाजिक सञ्जाल प्लेटफर्म र यसका प्रयोगकर्तालाई आर्थिक जरिवाना र जेल सजायसम्मको व्यवस्था उल्लेख छ। सरकारले नेपालमा अनुमति नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गर्ने व्यक्तिलाई २५ लाख रुपियाँसम्म जरिवाना गर्न सक्ने गरी प्रस्ताव गरेको छ। कुनै पनि व्यक्ति वा संस्थाले राष्ट्रहीत प्रतिकूल हुने कार्य गरे कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

साइबर बुलिङ कसुर गर्नेलाई दुई वर्षसम्म कैद वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय तोक्ने प्रस्ताव गरेको छ। यस्तै, दफा २० मा साइबर स्टकिङ कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ। त्यसैगरि कसैको आइडी तथा सूचना ह्याक गर्नेलाई तीन वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने गरी व्यवस्था प्रस्ताव गरिएको छ। फिसिङ वा इम्पोष्टर स्क्याम गरे तीन वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। सेक्सटोर्सन वा एक्सटोर्सन कसुर गर्नेलाई तीन वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ। विभत्स तस्वीर वा अडियो वा भिडियो पोस्ट वा सेयर गरे कसूर गर्नेलाई तीन महिनासम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुने भनिएको छ। त्यस्तै अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गर्नेलाई दुई वर्षसम्म कैद सजाय वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय, डिपफेक भिडियो अपलोड वा प्रसार गरे दुई वर्षसम्म कैद वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय, सामाजिक सञ्जालमा बेनामी भएर लेख्नलाई तीन महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भनिएको छ।

विधेयकको दफा २८ को २ अनुसार यस ऐन बमोजिम कुनै कसूर एक पटकभन्दा बढी गर्ने कसूरदारलाई पटकैपिच्छे त्यस्तो कसूरमा हुने सजायको दोब्बर सजाय हुनेछ। सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिको यस ऐन बमोजिम कसुर हुने काम गरेमा ५० प्रतिशतसम्म थप सजाय हुनेछ। कसैले बालबालिकाको प्रयोग गरी यस ऐनको कसुर हुने कार्य गरेमा एक वर्षसम्म थप कैद सजाय हुनेछ।

यता राज्यले यस्तो कडा कानुन बनाउन लागेको छ भने उता जनमत पार्टीका अध्यक्ष सिके राउतले समाजिक सञ्जालमा पार्टी तथा नेतृत्वको बारेमा नलेखेको विधान अनुसार कारवाही हुने भनेपछि जनमत पार्टीका नेताहरु सरकार र पार्टीबाट दुबैबाट कसिएका छन्।





**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०२/३२**

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ।

आँप/ केरा लगायतका फलफुल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

# कलकतियाबालीले गरे अन्सासँग बिहे



कलकतियाबालीको नामले परिचित धनुषाका अविनाश झाले अहिले पुन चर्चामा आएका छन् । महिलाको भूमिकामा कलकतिबालीको नामले सधै चर्चामा रहेका अविनाश यसपटक उनी बिहेको कारण चर्चामा आएका छन् । माघ १४ गते धनुषा जिल्ला अदालतमा अन्सा सदासँग बिहे गरेपछि उनी चर्चामा आएका हुन् । उच्च जातीका अविनाश मुसहर समुदायका अन्सासँग बिहे गरेर उनले आफूलाई उच्चकोटीमा राखेका छन् । अन्सा पनि कलाकार हुन् । अविनाशकै टिममा काम गर्दै आएका थिए । उनी दुवै जनाले बिहे गरेपछि सबैतिर चर्चाको विषय बनेको छ । अविनाशको यो कामलाई सबैले प्रशंसा गरिरहेका छन् ।

साहित्यकार धिरेन्द्र प्रेमर्षीले अविनाश ब्राहमण र मुसहर समुदायका अन्साले बिहे गरेर क्रान्तकारी काम गरेको बताएका छन् । अविनाशले आफू कुनै जाति विशेषसँग होइन, एउटा कालाकारसँग बिहे गरेको भनेर अविनाशको यो मानवीयताको मिसाल रहेको साहित्यकार प्रेमर्षीले बताउछन् ।

यद्यपी अन्सा सदासँग बिहे गरेपछि अविनाशले विभिन्न टिकाटिप्पणीको सामना गर्नु परेको अविनाशले बताए । उनले भने, 'मैले बिहे गरेको कारण जातकै कारण मलाई विभिन्न समाजिक सञ्जालमार्फत ट्रोल गरिरहेको छ जसले मलाई दुखित बनाएको छ । म कुनै जात विशेष होइन, एउटा कलाकारसँग बिहे गरेको हुँ ।' अन्सा कुन जातीका हुन् आफूलाई थाह छैन भन्दै उनले आफू उनलाई कालकारको रुपमा चिनेको, उनी एउटा राम्रो कलाकार हुन् त्यसैले उनीसँग बिहे गरेको बताए ।

२०६७ देखि नै कलाकारिता क्षेत्रमा कार्य गर्दै आएका उनी रेडियो नाटकबाट आफ्नो अभिनय यात्रा सुरु गरेका थिए । उनले अभिनयको क्षेत्रमा निकै स्ट्रग्ल गरे । स्ट्रगलका कारण उनी वैदेशिक रोजगारीमा विदेश जाने सोच पनि बनाएका थिए । जाने तयारी पनि गरिसकेका थिए । तर पछिल्लो समय समाजिक सञ्जाल प्रयोग गरेर आफ्नो कलाकारितालाई अगाडि बढाए । उनी अहिले तराई मधेशमा मात्र होइन, भारतको बिहारको सिमाञ्चलमा पनि उनको निकै चर्चा छ ।

युट्युवमार्फत कलकातियाबालीको रुपमा परिचित अविनाश अब स्टेज शो गर्न पनि जान थालेका छन् । उनको आफ्नै एउटा टिम छ । यो टिमले आफ्नो फिल्मी सीटी अर्थात सुटिङस्थल बनाएका छन् र सबै जना त्यही स्थलमा सामूहिक रुपमा बस्छन् । एउटा परिवार जस्तै बस्छन । त्यही परिवारमध्ये एक अन्सासँग उनले बिहे गरेका छन् ।

# कुम्भका सेलिब्रेटी मोनालिसा नेपाल आउँदै

आफ्नो आँखा र मिठो मुस्कानका कारण भारत उत्तर प्रदेशको महाकुम्भमा भाइरल बनेकी मोनालिसा नेपाल आउने भएकी छिन् । रौतहटको मोलापुरमा आयोजना हुने मधानी महोत्सवमा सहभागी हुनका लागि उनी नेपाल आउन लागेकी आम आदमी पार्टी नेपालका अध्यक्ष एवं सांसद प्रभु साहले बताएका छन् ।

फाल्गुन ११ देखि १५ गतेसम्म चल्ने महोत्समा उनी आउन लागेकी हुन् । फाल्गुन १४ गते मधानी सांस्कृतिक कार्यक्रम आयोजना हुने र सो कार्यक्रममा मोनालिसा सहभागी हुने आयोजकले जनाएको छ । मोनालिसासँगै फिल्मका निर्देशक सनोज मिश्रा पनि आउने भएका छन् । मधानी महोत्सवमा आउन लागेको कुरा मोनालिसा स्वयं भिडियो बनाएर समाजिक सञ्जालमार्फत जानकारी गराएकी छिन् । उनको सो भिडियो प्रभु साहको फेसबुकमा राखिएको छ ।

सांसद प्रभु साहकी श्रीमती रिना मौलापुर नगरपालिकाकी नगरप्रमुख हुन् । उनले हरेक वर्ष महाशिवरात्रिको अवसरमा मधानी महोत्सवको आयोजना गर्दै आएकी छन् ।

मोनालिसा 'डायरी अफ मणिपुर' फिल्ममा पनि आवद्ध भएकी छिन् । निर्देशक सनोज मिश्रले निर्देशन हुने फिल्ममा उनी अनुवद्ध भएकी बताएको छ । मध्यप्रदेशको महेश्वरका उनी महाकुम्भमा माला बेच्दा बेच्दै चर्चामा आएकी थिइन् । उनको फोटो समाजिक सञ्जालमा भाइरल भएपछि थुप्रै पत्रकार तथा सर्वसाधारणले उनलाई पछ्याउन थालेपछि उनी  १५ दिनमै महाकुम्भ छाड्न बाध्य भएकी थिइन् ।

सनोज मिश्रा मोनालिसको घरमा गएर फिल्ममा साइन गराएका छन् । मोनालिसा फिल्म 'द डायरी अफ मणिपुर' मा मुख्य भूमिकामा देखिने छिन् । फिल्मको छायांकनअघि उनलाई मुम्बईमा



अभिनयको तालिम पनि दिइनेछ । उनी तालिमका लागि मुम्बइ पुगिसकेकी छिन् ।

## बालुवाटारमा...

त्यसपछि उपेन्द्र यादवले प्रधानमन्त्रीज्यु हामीलाई किन बोलाउनु भएको हो, त्यस विषयमा कुरा गरौं अरु कुरा पछि गर्दै गरौला भन्नुभएको थियो । त्यसपछि प्रधानमन्त्री ओलीले अध्यादेशमा सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

प्रधानमन्त्री ओलीले त्यस्तो आग्रह गरेपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले राजकिशोर यादवतिर देखाएर यस विषयमा उहाँ भन्नुहुन्छ उहाँको नेतृत्वको कार्यदल बनेको छ, प्रतिवेदन तयार गर्नुभएको छ, उहाँले के गर्नुभएको छ उहाँले नै भन्नुहुन्छ । स्रोत भन्छ, यसरी बालुवाटारमा प्रधानमन्त्री सामु उपेन्द्र यादव आफू पन्छिएर राजकिशोरलाई देखाएपछि एकछिन राजकिशोर पनि झस्किनु भएको थियो । के उपेन्द्र यादवले यहाँ फँसाउन त खोज्नु भएको छैन भन्ने राजकिशोरको मनमा लागेको थियो । पार्टीका अध्यक्षले नै त्यस्तो भनि सकेपछि उपाध्यक्ष राजकिशोर यादवले बडो सावधानीपूर्वक प्रधानमन्त्री ओलीलाई भन्नुभएको थियो, 'हाम्रो बैठक चलिरहेको छ, बैठकबाट उठेर नै तपाईलाई हामी तपाईलाई भेट्न आएका हौं, त्यहाँबाट के निर्णय हुन्छ त्यो हाम्रो अन्तिम निर्णय हुन्छ प्रधानमन्त्रीज्यु ।' बालुवाटारबाट उपेन्द्र यादव र राजकिशोर यादव बाहिर निस्कन थालेपछि प्रधानमन्त्री ओलीले भन्नुभएको थियो, 'ल ल बैठक बस्नुस् त्यहाँबाट सकारात्मक कुरा सुन्न पाउ हैं ।'

उहाँहरु बालुवाटारबाट सिंहदरवार आउँदासम्म सरकारलाई म्यासेज गइसकेको थियो कि अध्यादेशमा जसपा नेपालले सहयोग गर्नेछैन । सिंहदरवारमा जसपा नेपाल संसदीय दलको बैठक चलिरहेकै बेला सबै अध्यादेशलाई कार्यसूचीबाट हटाइएको थियो । त्यसपछि जसपा नेपालले अध्यादेशको बारेमा आधिकारिक धारणा सार्वजनिक गरेन । यद्यपी बैठकपछि बाहिर बोल्ने नेताहरुले अध्यादेशप्रति असन्तुष्टि जनाउनु भएको थियो । जसपा नेपालले सहयोग नगर्ने भएपछि माघ ३० गतेसम्म सदनमा सो अध्यादेश पेस भएको थिएन ।

## विश्वविद्यालय...

साहको कलेजमा भर्ना भएका छन् । पढाई पनि सुरु भइसकेको छ । उता विश्वविद्यालयमा बन्दको अवस्थामा पुगेको छ । कृषि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ मधेश सरकारले स्थापना गरेको मधेश कृषि विश्वविद्यालयप्रति जनमत पार्टीको यस्तो रणनीति बाहिर आएको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भवनको शिल्यानाश गरेकै कारण स्थापना भइसकेको विश्वविद्यालयलाई ध्वस्त बनाएर आफ्नो कार्यकर्ताले खोलेको कलेजलाई पोस्ने काम मुख्यमन्त्री सतिशत सिंहबाट भइरहेको गुनासो सबैतिर भइरहेको छ । सोहन साह नेतृत्वको छानविन समितिले अझै प्रतिवेदन बुझाई सकेको छैन । प्रतिवेदन सार्वजनिक गर्नुको सट्टा उल्टै अर्को संसदीय छानविन समिति बनाएर विश्वविद्यालयलाई कस्ने काम गरेको गुनासो भइरहेको छ ।
मधेश विश्वविद्यालयका भिसीले रजिष्टारले भन्नुभयो, 'विश्वविद्यालयको बारेमा यदि कुनै छानविन समिति बनेको छ भने त्यसले चाँडो चाँडो छानविन गरेर निकास दिनुपर्छ छानविनका लागि हामी सहयोग गर्न तयार छौं ।'

विश्वविद्यालयको सबै आर्थिक करोबारमा मधेश प्रदेश सरकारले रोक लगाएको छ । त्यसले सो विश्वविद्यालय लगभग बन्द हुने अवस्थामा पुगेको छ । सरकारले बजेट नै उपलब्ध नगराएपछि एक अरब ७० करोडको भवन निर्माण मात्र अलपत्र परेका छैनन । त्यहाँका कर्मचारीहरुले भदौंदेखि तलब समेत पाएका छैनन । सबै काम प्रभावित भएको छ । भर्ना स्थगित भएको छ । पहिलो सेमेष्टरमा भर्ना भएका विद्यार्थीको भविष्य पनि अन्योलनमा परेको छ ।

## सरकारमा रहेर...

त्यसपछि मात्र उपेन्द यादवले मधेशी जनअधिकार फोरमबाट आन्दोलन गर्नुभएको थियो । अहिले पनि अवस्था लगभग उस्तै देखिएको छ । मोर्चामा रहेका पाँच वटा सरकारमा छन् । तर आन्दोलनको कुरा गरेपछि मोर्चा नै अगाडि नबढ्ने हो कि चिन्ता बढ्न थालेको छ । मोर्चामा रहेका दलहरु जो सरकारमा छन् ती दलहरुले सरकार छाड्ने पक्षमा देखिदैनन् । त्यही भएर मोर्चा गर्भमै तहिने सम्भावना पनि त्यतिकै देखिन्छ ।

२०६४ को संविधानसभाको चुनावपछि बनेको हरेक सरकारमा मधेशी मोर्चामा आवद्ध दलमध्ये कुनै न कुनै दल सहभागी हुन्थे । त्यतिबेला आन्दोलनका लागि पटक पटक प्रयास भइरह्यो तर मधेशी मोर्चाले कहिले आन्दोलन गर्न सकेन । संविधान निर्माणमा आफ्नो माग र मुद्दा समावेश गराउन दबाव दिनका लागि पटक पटक आन्दोलनको घोषणा गर्‍यो तर कहिले माथि उठ्न सकेनन् । कारण थियो सरकार । ती मधेशवादी दलका नेताहरुले आफूहरु सरकार, सदन र सडक तीन वटै मोर्चाबाट सरकारसँग लडाई  लड्ने भन्नुभएको थियो । अहिले पनि सरकारमा रहेका दलका नेताहरु त्यो कुरा भन्नुहुन्छ । जुन सम्भव नै छैन । सरकारमा रहेर सरकारसँग कसरी लड्ने, आफैसँग आफै कसरी लड्ने ? मधेशवादी दलका नेताहरु जो मन्त्री हुनुहुन्थ्यो उहाँहरुले बेलाबेलामा सरकारलाई अर्थात प्रधानमन्त्रीलाई विभिन्न माग राखेर ज्ञापनपत्र पनि बुझाउनु हुन्थ्यो । माग पुरा नभए आन्दोलन गर्ने चेतावनी पनि दिनुहुन्थ्यो । जो राजनीतिको मूल्य मान्यता विपरित कार्य हो । जनतालाई मुर्ख बनाउनुभन्दा अरु केही होइन ।

खास गरि पछिल्लो समय जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले सत्ताधारी पक्षधर भए पनि सरकारलाई खुइल्याउने काम गर्नुहुन्छ । केन्द्रमा सरकारलाई समर्थन दिनुभएको छ भने मधेश प्रदेश सरकारलाई नेतृत्व नै गर्नुभएको छ । तर सरकारको विरुद्धमा उहाँको गतिविधि तिब्र हुन्छ । एकदिन प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारमा बोलाएर खुब झार्नुभयो ।

सत्तामा बसेर विपक्षी जस्तो व्यवहार गर्ने, विपक्षी जस्तो गतिविधि गर्नुछ भने सरकारभन्दा बाहिर बस्नुस् नत्र सरकारलाई समर्थन हुने गरी गतिविधि गर्नुस् भनि प्रधानमन्त्री ओलीले भन्नुएको थियो । प्रधानमन्त्री ओलीले भनेको कुरा सोह्रै आना ठिक हो । सरकारको विरोध सरकारमा बसेर गर्न सकिदैन । सरकारको विरोध गर्ने काम विपक्षी दलको हो । जो सरकारमा हुँदैन । त्यसलाई मात्र सरकारको विरोध गर्ने अधिकार हुन्छ । अरु सत्ताधारी दलले सरकारको विरोध गर्न पाइदैन किनभने उ स्वयं पनि सरकार नै हो ।

सरकारमा बसेर सरकारको विरोध गर्नु, सरकारको विरुद्धमा मोर्चा बनाउनु नैतिकताले पनि दिँदैन । र, यो राजधर्म विपरित पनि हो । विश्वमा आन्दोलनबाट ठूला ठूला परिवर्तन भएका छन् । कुनै पनि आन्दोलन सरकारमा रहेर भएका छैनन् । सरकारबाट निस्केर गरेका आन्दोलन मात्र सफल भएका छन् । नेपालमै पनि माओवादीका जनयुद्धदेखि लिएर जनआन्दोलनहरु भए ती सबै सरकार बाहिर रहेरका दलहरुबाट मात्र सफल भएको हो । तर अहिले मधेशवादी दलहरु सरकारमै रहेर सरकार विरोधी मोर्चा बनाएर संघर्ष गर्ने तारतम्य मिलाइ रहेका छन् । त्यो कति सफल हुन्छ त्यो हेर्न बाँकी नै छ ।




## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।


***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् ।  अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

प्रोफाइल



# जीवनमा सधैं 'नम्बर वान' रहनु भएका रत्नेश्वर

हुने बिरुवाको चिल्लो पात भने उखान ठ्याक्कै ८० वर्षिय रत्नेश्वरलाल कायस्थसँग मेल खान्छ । उहाँले आफ्नो औपचारिक शिक्षा नौ वर्षको उमेरदेखि सुरु गर्नुभएको थियो । महोत्तरीको सुग्गा गाउँमा जगनारायण लाल गुरुजीसँग पढ्नु भएका रत्नेश्वर नौ वर्षको उमेरमा लक्ष्मी चण्डी मुरारका हाइ इङ्गलिस स्कूलमा एकैपटक चार कक्षामा नाम लेखाउनु भएको थियो । सानैदेखि विलक्षण प्रतिभाका उहाँ आठ दशक पार गर्दासम्म पनि ' नम्बर वान' नै रहनुभयो । गाउँको गुरुजी कहाँ काठको पाटी र सिलेटमा माटोको मसीले उहाँले पढाइ गर्नुभएको थियो । उहाँको गाउँमा मात्र होइन त्यस वरपर कुनै स्कूल नै थिएन । सीमा क्षेत्र भारतमा समेत नजिकमा स्कूल थिएन । जब कि महोत्तरीको जलेश्वर राणाहरुको हेडक्वाटर जस्तै थियो । राणाहरुको त्यहाँ चहल पहल भइरहन्थ्यो तर एउटा स्कूलसम्म पनि खोल्न सकेका थिएनन् । त्यहाँ विद्यालय खुल्न २००७ सालको क्रान्ति नै कुर्नुपर्यो ।

२००७ को परिवर्तनपछि २००८ मा मात्र जलेश्वरमा लक्ष्मी चण्डी मुरारका हाइस्कूल खुलेको थियो । त्यो स्कूल खुलेपछि रत्नेश्वर २००९ मा त्यहाँ भर्ना हुनु भएको थियो । भर्ना गराउनका लागि दाजु चन्द्रेश्वर लाल जानु भएको थियो । नौ वर्षका रत्नेश्वरलाई दाजु चन्द्रेश्वरलालले कक्षा १ मा होइन माथिल्लो कक्षामा भर्ना गर्ने कुरा गर्नुभएको थियो । तर स्कूल प्रशासनले मानिरहेको थिएन । यद्यपी त्यहाँका हेडमास्टर चिनजानका भएका कारण चार कक्षामा भर्ना हुन सम्भव भएको रत्नेश्वर बताउनु हुन्छ । चार कक्षामा पढ्न सक्छ कि सक्दैनन् भनि आशंका गर्दै त्यहाँका तत्कालिन हेडमास्टरले भर्ना लिनुभएको थियो ।

तर सुरुकै दिनमा रत्नेश्वरले हेडमास्टरको त्यो आशंका दुर गर्नुभएको थियो । सुरुदेखि नै कक्षामा रहेका अन्य विद्यार्थीको अनुपातमा रत्नेश्वरले राम्रो लक्षण देखाउनु भएको थियो । क्लासमा राम्रै प्रगति गर्दै जानुभयो । सात कक्षादेखि त उहाँले फस्ट नै गर्न थाल्नुभयो । त्यसपछि उहाँलाई विद्यार्थी जीवनमा मात्र होइन, पेसागत, राजनीति तथा समाजिक जीवनमा पनि कहिले पछाडि फर्केर हेर्नु परेन । पढाइदेखि जागिरसम्म, जागिरदेखि राजनीतिसम्म सधै उहाँ उत्कृष्ट अर्थात नम्बर वान नै रहनु भयो । पढाइमा नम्बर वान त उहाँ हुनुहुन्थ्यो नै जागिरमा पनि नम्बर वान नै हुनुभयो । हुँदाहुँदै राजनीतिमा आएपछि पनि नम्बर वानकै पोजिसनमा जानुभयो । अर्थात मधेश प्रदेशको प्रदेश प्रमुख नै उहाँ हुनुभयो ।

**सम्पत्ति ट्रस्टमा**

त्यति मात्र कहाँ होइन, प्रदेश प्रमुखबाट हटेपछि समाजका लागि केही उत्कृष्ट काम गर्नुपर्छ भन्दै उहाँले आफ्नो सारा सम्पत्ति समाजका लागि भन्दै ट्रस्टमा राख्नुभयो । अहिले सम्पत्तिको नाममा उहाँसँग काठमाडौंमा एउटा सानो घर र गाउँमा एउटा सानो बगैचाबाहेक कुनै सम्पत्ति छैन । आफ्नो भागका सारा सम्पत्ति उहाँले ट्रस्टलाई दिनुभएको छ । महोत्तरीमा बस्ने आफ्नो घरलाई 'श्री मिथिला बिहारी राजरतन सेवा आश्रम' बनाउनु भएको छ । तीन कठ्ठामा त्यो आश्रम फैलिएको छ । त्यसलाई सर्वसधारणका लागि खुल्ला गर्नु भएको छ ।

उहाँ पनि कहिले कांही काठमाडौंबाट गाउँ जाँदा त्यही आश्रममा बस्नुहुन्छ । रत्नेश्वरलाल भन्नहुन्छ, 'सम्पत्ति देखाउनका लागि हुँदैन त्यो मानव कल्याणका लागि हुनुपर्छ भनि बुझेर नै मैले सारा सम्पत्ति ट्रस्टमा राखेर आश्रम बनाए ।' अहिले त्यो मानव सेवाका लागि प्रयोग भइरहेको छ, त्यो जतिको आनन्द अरु केहीमा मैली पाइनन् । काठमाडौ तथा गाउँमा रहेका घर, जग्गाहरु बेचेर उहाँ ट्रष्ट बनाउनुभयो । अब ती सारा सम्पत्ति उहाँको निजी रहेन र सार्वजनिक सम्पत्ति भइसकेको छ । त्यसमा उहाँका छोरा-छोरीहरु पनि राजी छन् ।

**शिक्षामा उत्कृष्ट**

सात कक्षादेखि प्रथम हुँदै आउनु भएका रत्नेश्वर लक्ष्मी चण्डी मुरारका हाइस्कूलबाट २०१५ मा एसएलसी पास गर्नुभयो । त्यो स्कूलमा पहिलो पटक कोही फस्ट डिभिजनमा पास गर्नुभएको थियो भने उहाँ हुनुहुन्थ्यो रत्नेश्वरलाल कायस्थ । स्कूलमा मात्र होइन, गाउँमै फस्ट डिभिजनमा एसएलसी पास गर्ने पहिलो व्यक्ति उहाँ नै पर्नुभयो ।

एसएलसी पास गरेर साइन्स पढ्नुपर्छ भनि उहाँ भारत बिहारको दरभंगामा रहेको सीएम कलेजमा आइएससीमा नाम लेखाउनुभयो । तर त्यहाँ उहाँ दुई महिना मात्र पढ्नु भयो । उहाँ घर फर्किनु भयो । साइन्स नै पढ्नुपर्छ भन्दै उहाँ काठमाडौं आउनुभयो । उहाँका दाजु चन्द्रेश्वर लाल काठमाडौंमा जागिरे हुनुहुन्थ्यो । दाजुको साथमा रहेर उहाँ त्रिचन्द्र कलेजमा साइन्स पढ्न थाल्नुभयो । २०१८ मा आइएससी पास गर्नुभयो । पास मात्र गर्नुभएन नेपालमै टप गर्नुभएको थियो । त्यसपछि तत्कालिन शिक्षा मन्त्री विश्वबन्धु थापाले उहाँलाई नेपालमै टप गरेको भन्दै रत्नेश्वरलाई प्रसंशापत्र प्रदान गर्नुभएको थियो । त्यसले गर्दा उहाँको चर्चा देशभरि चुलिएको थियो । कलेजका प्रध्यापकहरु उहाँलाई बोलाएर भेट्नु भएको थियो । सबैले उहाँको प्रशंसा गरिरहनु भएको थियो ।

त्यसपछि उहाँ कोलोम्बो प्लान अन्तरगत भारतको (आइआइटी) इण्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी खड्गपुर पढ्नका लागि जानुभयो । त्यहाँ उहाँ सिभिल इन्जिनियरिङ पढ्नुभयो । २०२१ मा उहाँ पास गर्नुभयो । त्यहाँ पनि उहाँ फस्ट डिभिजनमा नै पास गर्नुभयो र पोजिसन चौथो ल्याउनुभयो । त्यहाँको सिभिल इन्जिनियरिङ डिपार्टमेन्टका प्रोफेसर जेभी रावले रत्नेश्वरलाई प्रसंशापत्र दिनु भएको थियो । फोर्थ गरेको भन्दै कलेजले प्रमाणपत्र पनि दिएको थियो । रत्नेश्वरलाल नौ कक्षामा पढिरहँदा उहाँलाई के बन्ने भनि सोध्दा उहाँले अन्यासै इन्जिनियर बन्ने भन्नुभएको थियो । रत्नेश्वर भन्नुहुन्छ, 'मैले सोचेर वा बुझेर त्यस्तो भनेको थिइनन् मनमा आयो भन्दिए तर अन्ततः इन्जिनियर नै भए ।' अध्ययन गर्दा नै त्यसरी उत्कृष्ट अंक ल्याएर इन्जिनियरिङ पास गरेपछि रत्नेश्वरले नेपाल फर्किने बित्तिकै नेपाल सरकारको तत्कालिन नहर विभाग (अहिलेको सिंचाइ विभाग) मा जागिर पाउनुभयो । उत्कृष्ट अंक ल्याएर सिभिल इन्जिनियरिङ पास गरेको कारण उहाँलाई जागिरका लागि त्यति समस्या भएन । त्यतिबेला नेपालमा इन्जिनियरको निकै अभाव थियो । जागिरकै अवधिमा उहाँ ब्रिटिश काउन्सिलबाट छात्रवृति पाएर उहाँ एमएससीमा अध्ययनका लागि २०२३ सालमा लण्डन जानुभयो । लण्डनमा एउटा पञ्जावीको घरमा डेरा लिएर बस्नु भएका उहाँ त्यहाँको 'इम्पेरियल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी' कलेजमा पढाइ सुरु गर्नुभयो । उहाँ एकैपटकमा उत्कृष्ट अंक ल्याएर त्यो कोर्स सकाउनु भयो जो बिर्लै त्यस्तो हुन्थ्यो । नेपाल सरकारले उहाँलाई दुई वर्षका लागि विदा दिएको थियो ।

रत्नेश्वरलालले भन्नुभयो, 'प्रायः स्टुडेन्टले एक वर्षमै आफ्नो कोर्ष सकाउदैनन् भन्दै दुई वर्षको विदा दिने चलन थियो र मलाई पनि दुई वर्षका लागि अध्ययन विदा दिएको थियो तर मैले एक वर्षमै सकाएको थिए ।' यसरी एक वर्षमै एमएससी (इन्जिनियरिङ जियोलोजी) पास गरेपछि बाँकी रहेको एक वर्षलाई पनि सदुपयोग गरौं भनि लण्डनकै साउदमटम युनिभर्सिटीमा एमएससी इरिगेसनमा नाम निकाल्न सफल हुनुभएको थियो । उहाँको एडमिसन हुने कुरा पनि फिक्स भयो तर त्यसरी एउटा कलेजमा पढ्न आएको विद्यार्थी आफ्नो कोर्ष सकाएपछि अर्को कलेजमा पढ्न पाइन्छ कि पाइदैन भन्ने कुरा रत्नेश्वरलाल थाह थिएन ।

उहाँले त आफूसँग एक वर्षको विदा बाँकी रहेको भन्दै त्यसलाई सदुपयोग गरौं भनेर कलेजमा नाम लेखाउनु भएको थियो तर ब्रिटिस काउन्सिलले नेपाल सरकारलाई सोध्यो कि रत्नेश्वरलाई पढ्न दिने कि नदिने । लण्डनबाट यसरी सोध्ने कुरा भएपछि नेपाल सरकारले रत्नेश्वरलाई त्यहाँ पढ्नका लागि अनुमति दिएन । जुन विषयमा पढ्नका लागि छात्रवृति पाएर गएको हो, त्यो सकेपछि फर्किनुपर्छ भनेपछि रत्नेश्वर नेपाल फर्किनुभयो ।

**जागिरमा सचिवसम्म**

लण्डनबाट फर्केपछि उहाँ पुनः आफ्नो जागिर ज्वाइन गर्नुभएको थियो । भारतबाट सिभिल इन्जिनियरिङ गरेर आएपछि नहर विभागमा सहायक इन्जिनियरको रुपमा अस्थायी जागिर पाउनु भएको थियो । १० महिनासम्म विभागमा काम गरेपछि २०२२ कात्तिकमा उहाँको पोस्टिङ कमला सिंचाइ धनुषाको रघुनाथपुरमा भएको थियो । उहाँले त्यहाँ २०२४ माघसम्म काम गर्नुभयो । त्यसपछि उहाँको सरुवा भारत सरकारले सञ्चालन गरेको गण्डक परियोजनामा भयो ।

कमला सिंचाइमा काम गरिरहँदा नै रत्नेश्वरको बिहे २०२३ मा भारत बिहारको समस्तीपुरका सबिता लालसँग भयो । भारतका रत्नेश्वरका आफन्तहरु पनि छन् । उहाँहरुले नै कुरा चलाए पछि यो बिहे भएको थियो । बिहे भएको एक वर्षपछि उहाँले श्रीमती सबितालाई आफ्नो साथमा राख्न थाल्नुभयो । रत्नेश्वरलाल भन्नुहुन्छ, 'बिहे भए लगतै साथै राख्ने सोच थियो तर बिहे भएपछि विभिन्न विधि विधान, कार्यक्रमहरु भइरहने भएकाले लगभग एक वर्षपछि मात्र हामीसँगै रहन थाल्यौं ।' सरकारी जागिरमा सरुवा भइरहन्छन् जहाँ जहाँ सरुवा हुन्थ्यो त्यहाँ त्यहाँ परिवार बच्चा पनि लैजाने गर्नुहुन्थ्यो । सुरजपुर पावर हाउसमा कार्यरत रहँदा रत्नेश्वरलालले पहिलो छोरी पाउनु भएको थियो ।

उहाँ भन्नुहुन्छ, 'जागिरको सिलसिलामा कहिले कता त कहिले कता भइरहने भएका हुनाले अप्ठ्यारो अवस्थामा श्रीमतीजी माइत जानुहुन्थ्यो, कहिले कांही महोत्तरीको सुगामा बस्नुहुन्थ्यो । गण्डक सिंचाइमा नेपाल सरकारको कर्मचारी भए पनि उहाँको तलब सुविधा भारत सरकारको थियो । सो परियोजना अन्तर्गत उहाँले नवलपरासी र वीरगञ्जमा असिस्टेन्ट इन्जिनियर भएर पनि काम गर्नुभयो । १५ मेगावाट क्षमताको सुरजपुरा पावरहाउसको निर्माण गर्नुको साथै विभिन्न नहरको डिजाइन तथा निर्माणमा उहाँको योगदान छ । उहाँ त्यही काम गरिरहँदा २०२८ मा लोकसेवा आयोगबाट असिस्टेन्ट इन्जिनियर पास गर्नुभयो  त्यसपछि उहाँ स्थायी जागिरे हुनुभयो । लोकसेवा पास गरेपछि उहाँ २०२९ माघमा सिंचाइ विभागमा पोस्टिङ पाउनुभयो । विभागमा एक वर्षसम्म काम गरेपछि २०३० पुसमा रत्नेश्वरको सरुवा कन्काइ सिंचाइ परियोजना झापामा भयो । त्यहाँ उहाँले डिभिजनल प्रमुखको रुपमा काम गर्नुभयो । कन्काइमै काम गरिरहँदा उहाँ अध्ययनका लागि लण्डन जानुभयो । एक वर्षसम्म अध्ययन गरी एमएससी सकाएर उहाँ २०३४ भदौंमा नेपाल फर्किनु भएको थियो ।

**लण्डनबाट फर्केपछि**

लण्डनबाट फर्केपछि उहाँ कपिलवस्तुका वाणगंगा सिंचाइ आयोजनामा जागिर ज्वाइन गर्नुभयो । त्यो आयोजनाको उद्घाटन तत्कालिन राजा विरेन्द्र शाहले गर्नुभएको थियो । रत्नेश्वरलाल त्यहाँ आयोजना प्रमुखकै रुपमा काम गर्नुभयो । त्यतिबेलासम्म उहाँ सेकेण्ड क्लास अफिसर भइसक्नु भएको थियो । उहाँले सो आयोजनामा ठिक एक वर्षसम्म काम गर्नुभयो । २०३५ भदौंमा उहाँको सरुवा रुपन्देही भयो । त्यहाँ उहाँ भैरहवा नहर डिभिजनमा डिभिजनल इन्जिनियरको रुपमा काम गर्नुभयो । उहाँले नेपाल पश्चिम गण्डक परियोजनाको कमाण्ड क्षेत्र र नहर प्रणालीहरूको सर्वेक्षण कार्य गर्नुको साथै अन्य सम्बन्धित गतिविधिहरूको अनुगमन तथा सुपरिवेक्षण गर्नुहुन्थ्यो ।

२०३८ मंसिरमा उहाँको सरुवा पुनः झापाको कन्काइ सिंचाइ परियोजनामा भयो । त्यहाँ उहाँ प्रोजेक्ट म्यानेजरको रुपमा काम गर्नुभयो । त्यही कार्यरत रहँदा रत्नेश्वरलालको बढुवा भयो र उहाँ सहसचिव हुनुभयो । सहसचिव भएपछि उहाँको पोस्टिङ क्षेत्रीय सिंचाइ निर्देशनालय काठमाडौंमा भयो । निर्देशनालयमा निर्देशकको रुपमा चार वर्ष काम गर्नुभयो । २०४६ को परिवर्तन पश्चात २०४६ मा राजनीतिक परिवर्तनका लागि उकुस मुकुस चलिरहेकै बेला रत्नेश्वरको सरुवा नारायणी सिँचाइ विकास आयोजना वीरगञ्जमा भयो । त्यहाँ उहाँ जेनरल मैनेजरको रुपमा काम गर्नुभयो ।

नारायणी सिँचाइ प्रोजेक्टमा हुँदा देशमा राजनीति परिवर्तनका लागि संघर्ष चलिरहेको थियो । पुरै देश आन्दोलनमै थियो । त्यसले गर्दा देश पुरै ठप्प थियो । त्यो बेला केही काम प्रभावित भएको थियो । बहुदलका लागि भएको आन्दोलनमा भित्रभित्र रत्नेश्वर कायस्थको पनि सहयोग थियो । सरकारी कर्मचारी भएको कारण खुलेर आन्दोलनमा गइएन तर परिवर्तनका लागि भएको आन्दोलनका लागि हरेक प्रकारको सहयोग गरेको बताउनु हुन्छ । उहाँ २०४६ को आन्दोलन चलिरहँदा रत्नेश्वर विरगञ्जमै हुनुहुन्थ्यो ।  बहुदल व्यवस्थाको नयाँ संविधान निर्माण भएपछि २०४८ बैशाखमा भएको आमचुनाव भयो । सो चुनावपछि काँग्रेसका तत्कालिन सभापति गिरिजाप्रसाद कोइराला देशको प्रधानमन्त्री बन्नुभयो । रत्नेश्वलाल भन्नुहुन्छ, 'देशमा आएको परिवर्तनले जनता निकै उत्साहित थिए । देशमा आएको राजनीति परिवर्तनले पक्कै पनि हरेक क्षेत्रमा परिवर्तन आउने विश्वास त्यतिबेला जनतामा थियो ।

तर थोरै दिनमा जनताले पंचायत र बहुदलमा फरक देख्न छाडे । राजनीति दलहरु बिचको खिचातनी, व्यक्तिगत स्वार्थ, भ्रष्टाचारका कुराहरु आउन थाले । बहुदलको सरकार अस्थिर रहन हुन थाल्यो । दलहरुमा असन्तुष्टि बढ्न थाले । कम्युनिष्ट पार्टीहरुले आन्दोलनको धम्की पनि दिन थाल्यो । थोरै दिनमा जनतामा एक प्रकारको उकुसमुकुस देखिन थालेको थियो । देशमा नयाँ सरकार, नयाँ परिवर्तनले चहल पहल भइरहेको बेला २०४९ पुसमा नारायणी सिंचाइ आयोजनाबाट रत्नेश्वरलालको सरुवा तत्कालिन जलस्रोत मन्त्रालयमा भयो । सहसचिवको पोस्टमा उहाँ काम गर्न थाल्नुभयो । देशमा आएको परिवर्तनले नयाँ जोशका साथ उहाँले काम गर्न थाल्नुभएको थियो । पंचायतभन्दा बेग्लै चहलपहल सिंहदरवारमा थियो ।

**माओवादी द्वन्द**

सहसचिवको रुपमा जलस्रोत मन्त्रालयका काम गरिरहेको बेला देशमा माओवादी (२०५२) को द्वन्द सुरु भएको थियो । देशमा आएको परिवर्तनले जनताले राम्रोसँग त्यसको अनुभुती गर्न नपाउँदै देश संक्रमणकालमा गयो ।

२०५६ मा उहाँ सिँचाइ बिभागको महानिर्देशक हुनुभयो । उहाँ महानिर्देशक त्यो बेला हुनुभयो जुनबेला देशमा संक्रमणकाल थियो । माओवादीको सशस्त्र आन्दोलन चलिरहेको थियो । सरकारी कर्मचारीलाई काम गर्न निकै गाह्रो थियो । बिभागमा उहाँ एक वर्ष काम गरेपछि २०५७ चैतमा सचिवमा उहाँको बढुवा भयो । र सचिव भएर कृषि मन्त्रालयमा जानुभयो । कृषि मन्त्रालयमा उहाँले एक वर्ष काम गर्नुभयो र त्यहीबाट २०५८ मा उहाँ रिटायर्ड (अवकाश प्राप्त) हुनुभयो । उहाँ कृषि मन्त्रालयमा सचिवको रुपमा कार्यरत रहेको बेला २०५८ जेठ १९ गते राजा विरेन्द्रसहित उहाँका परिवारको हत्या भएको थियो ।

देश संक्रमणकालका साथै शोकमा पनि गएको थियो । त्यतिबेला नै देशमा युद्धविराम भएको थियो । तर त्यो युद्धविराम छ महिना पनि चलेन । युद्धविराम भङ्ग भएपछि सरकारले देशमा संकटकालको घोषणा गरेको थियो । संकटकाल चलिरहेकै बेला रत्नेश्वर जागिरबाट अवकाश प्राप्त गर्नुभएको थियो । देशमा द्वन्द चलिरहेको कारण काम गर्न निकै गाह्रो थियो । प्रायः सबै कामहरु ठप्प थिए । कतिबेला के हुने केही थाह हुँदैन्थ्यो । माओवादीको निशानामा सरकारले निर्माणको पूर्वाधार थियो । त्यसलाई ध्वस्त गर्नुको साथै नेपाल प्रहरी, सेनाका साथै सरकारी कर्मचारीलाई माओवादीले निशाना बनाएको थियो । विभिन्न आरोपमा सरकारी कर्मचारीको अपहरण तथा हत्या गर्ने भइरहेको थियो । त्यति नै बेला अवकास प्राप्त गरेपछि रत्नेश्वरलालले केही राहत महसुस गर्नुभएको थियो ।

जीवनको ३७ वर्ष जागिरमा बिताउनु भएका रत्नेश्वर जागिरको अवधिमा विभिन्न ठाउँमा सरुवा हुनुभयो । उहाँलाई पुरा अवधि कही रहन दिएन । नकुनै राम्रो प्रोजेक्टमा काम गर्न दियो । प्राय उहाँको सरुवा भइ नै रहन्थ्यो । सरुवा हुने बित्तिकै झोला गुन्टी बोकेर कुदि हाल्नु पर्थो । सरुवा भइरहेको ठाउँमै परिवारहरुलाई लिएर गइरहँदा समस्या भइरहन्थ्यो । पछि बच्चाहरुको पढाइमा डिस्टर्ब हुन थालेपछि रत्नेश्वरले काठमाडौंमा डेरा लिएर बालबच्चालाई राख्न थाल्नुभयो । आफू सरुवा भएर गएपछि श्रीमतीलाई बच्चाहरुसँग राख्नुहुन्थ्यो । कहिले काही त जागिरको कारण महिनौसम्म बच्चाहरुसँग भेट हुँदैन्थ्यो ।

**सरकारबाट सम्मान**

सरकारी सेवामा काम गरेवापत तत्कालिन सरकारले उहाँलाई महेन्द्र विद्या भुषण, शुभराज्याभिषेक पदक, जनपद सेवा पदक, गद्दी आरोहन रजत महोत्सव पदक, सुप्रवल गोर्खा दक्षिणबाहु तेस्रो, विरेन्द्र-ऐश्वर्य पदकबाट सम्मान गरेको छ ।

बाँकी पृष्ठ १२ मा

# उत्पादनका आधारमा पाउदैछन् किसानले अनुदान

स्थानीय तहले उत्पदानको आधारमा अनुदान दिन थालेपछि किसानले उत्पादनमा वृद्धि गर्न थालेका छन् । कैलालीको जानकी गाउँपालिका-४ का शेरबहादुर थारुले गत वर्ष १० कट्ठा जग्गामा २० क्वीन्टल गहुं उत्पादन गर्नुभएको थियो । सो अनुसार गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिएपछि उहाँले उहाँले यसवर्ष त्यही जग्गामा २५ क्वीन्टल भन्दा बढी गहुँ उत्पादन गर्ने लक्ष्य लिनुभएको छ । गतवर्ष शेरबहादुरले उत्पादनका आधारमा छ हजार ४०० रुपियाँ अनुदान पाउनुभएको थियो ।

कुनै झन्झट छैन, गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिनुहुन्छ, खेतमै पुगेर गहुँको तौल गरेर उत्पादनका आधारमा खातामा पैसा पठाइ दिन्छन् भन्नुहुँदै थारुले यसले आफू जस्ता किसानलाई उत्साहित र मेहनति बनाएको बताउनुभयो । जति धेरै उत्पादन गर्‍यो धेरै अनुदान पाइदो रहेछ भने मेहनत किन नगर्ने भन्दै उहाँले उत्पादनमा किसान-किसानको बिच प्रतिस्पर्धा बढाएको बताउनुभयो ।अर्का किसान सन्तलाल कठरियाले  गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकमले खेतीका लागि आवश्यक मलखाद खरिद गर्न पुगेको बताउँदै उहाँले किसानलाई उत्पादनमा आधारित अनुदानले प्रोत्साहित गरेको बताउनुभयो । उत्पादनको आधारमा अनुदान लिनमा कसैसँग हारगुहार गर्नुपरेको छैन, उहाँले भन्नुभयो, 'जति उत्पादन गर्‍यो त्यति अनुदान पाइन्छ ।' कृषि अनुदान त्यतिकै बदनाम छ, उत्पादनमा आधारित सबै क्षेत्रमा अनुदान दियो भने किसानलाई निकै सजिलो हुने उहाँले बताउनुभयो ।  किसान मोतीलाल चौधरीले गत वर्ष दुई बिघा पाँच कट्ठामा गहुँखेती गर्नुभयो । उक्त जग्गामा मोतीलालले ९० क्वीन्टल गहुँ उत्पादन गर्नुभयो । उत्पादनका आधारमा उहाँले गाउँपालिकाबाट ४१ हजार अनुदान प्राप्त गर्नुभयो । यो वर्ष त्यो भन्दा बढी गहुँ उत्वादन गर्ने लक्ष्य उहाँले राख्नु भएको छ ।

यस्तै किसान सविता कठरियाले चार बिघा क्षेत्रफलमा गहुँ खेती गर्नुभएको छ । उहाँ उत्पादनका आधारमा अनुदान पाउनेभन्दा पनि गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिँदा बढी खुसी हुनुहुन्छ । उहाँले अनुदानका साथमा प्राविधिक सहयोग पनि पाइरहनुभएको छ । उहाँले भन्नुभयो, "हामी गाउँपालिकाको कामबाट निकै उत्साहित छौँ, बालीमा रोग लाग्दा समयमा उपचार पाएका छौँ, उत्पादन राम्रो हुँदा नगद अनुदान पाएका छौँ ।"

गत वर्ष गाउँपालिकाले ६५ जना किसानलाई झण्डै नौ लाख रुपियाँ अनुदान दिएको थियो । अनुदानका लागि ७२ जनाले आवेदन दिएका थिए । यस वर्ष त्यो सङ्ख्या बढेर २०५ पुगेको कृषि शाखा प्रमुख लालविर चौधरीले बताउनुभयो । उहाँका अनुसार किसानले खेती गरेको जग्गाको क्षेत्रफल नापजाँच गरेर बाली काटेपछि उत्पादनका आधारमा अनुदान रकम वितरण गर्ने गरिँदै आएको छ । गाउँपालिकाबाट प्राविधिकलाई किसानको खेतमै खटाएर त्यसको लागत ल्याउने काम गरेको छ । त्यसैका आधारमा किसानलाई अनुदान रकम दिने गरेको छ । उत्पादनका आधारमा किसानलाई अनुदान वितरण गर्न गाउँपालिकाले कार्यविधि नै ल्याएको छ । कार्यविधिअनुसार अहिले गहुँ बालीमा दिइँदै आएको अनुदान अन्य बालीमा पनि विस्तार गर्दै लैजाने गाउँपालिकाको तयारी छ ।

वर्षात्को पानीको निकास नहुँदा वीरगञ्ज महानगरका चार वडाको २०० बिघाभन्दा बढी खेतीयोग्य जमिन डुबानमा परेको छ । वीरगञ्ज महानगरका  वडा नम्बर १७, २४ र २६, २८ का २०० बिघा खेतीयोग्य जमिन डुबेको हो । वर्षायाममा  जमेको पानीले अहिले पनि खेत भरिएका छन् । किसानले बाली लगाउन छैनन् । वीरगञ्ज महानगर-२६ का किसान भगीरथप्रसाद कुर्मीले विगत छ महिनादेखि खेतीयोग्य जमिन डुबानका कारण बाली लगाउन नपाएको दुखेसो पोख्नुभयो ।

"वर्षातदेखि खेतीयोग्य जमिनमा पानी जमेको जम्यै छ, पानी जमेकै कारणले धान पनि काट्न परेन । हिउँदयाम सुरु भयो । डुबानले गहुँखेती गर्न पाएका छैनन्", उहाँले भन्नुभयो, "डुबानको समस्या लिएर धेरै निकाय धाइसक्यो । तर, हाम्रो समस्या भने जस्ताको तस्तै छ, कम्तीमा वर्षायामअगावै डुबान समस्या अन्त्य गरिदिए हुन्थ्यो ।" उहाँकै जस्तो समस्या वीरगञ्ज महानगर-२४ बहुअरीका किसान सुदामाकुमार द्विवेदीले पनि भोग्दै आउनु भएको छ ।










## वैदेशिक रोजगार बोर्डको सेवाहरू

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता ।
२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग ।
३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।
४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नंपर्न शुल्क सोधभर्ना ।
५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म निःशुल्क शव छुवानी सेवा ।
६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान । पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू ।
८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रूपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क विवरण:**
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल**: info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर**: ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम**: +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर**: ९८५१३४५७०१ वा ९८५१३४५७०२

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**






## समाचार/विविध

### कहिल्यै अशान्त...

अहिले त्यसको नाम परिवर्तन भएको छ। २०५० सालतिर उहाँ त्यसमा जति सक्रिय हुनुहुन्थ्यो त्यति अहिले हुनुहुन्न। कहिले काही बैठकहरु हुँदा जानुहुन्छ। उहाँ अहिले पनि त्यसको सदस्य हुनुहुन्छ।

**शान्ति महतोले राखे शान्तिनगर नाम**

काठमाडौँको शान्तिनगर निकै प्रख्यात ठाउँ हो। बानेश्वरसँग टाँसिएको शान्ति नगरको पुरानो नाम सार्की गाउँ थियो। त्यो नाम शान्ति महतोलाई मन परेको थिएन। उहाँ लाइन्स क्लवमा आवद्ध हुनुहुन्थ्यो। त्यसमा उहाँ पिआरको काम गर्नुहुन्थ्यो। जनसम्पर्क तथा जनसम्बन्ध बनाउने काम उहाँले गर्नुहुन्थ्यो। लायन्स क्लवको अफिस पनि हालको शान्तिनगर गेटमै थियो। अहिले पनि त्यही छ। त्यहाँ हुने बैठकमा पनि शान्ति महतोले सार्की गाउँ नाम परिवर्तन गर्नुपर्छ भनि प्रस्ताव गर्नुभएको थियो।

त्यसपछि त्यसको प्रमुखले तपाई पब्लिक रिलेशनमा काम गर्नुहुन्छ। यहाँ बस्ने जनतासँग तपाई कुरा गर्नुस्, सबैको राय लिनुस् एउटा राम्रो नाम राख्नुस् भन्नुभएको थियो। जागृति नगर, कैलाश नगरलगायतका नामहरु आएका थिए। शान्ति महतो त्यतिबेलाको सार्की गाउँमा घरघर गएर नाम संकलन गर्ने काम गर्नुभयो। सबैसँग राय सल्लाह लिनुभयो। तर राम्रो नाम जुडिरहेको थिएन।

एकदिन उहाँ बाटोमा हिडिरहनु भएको थियो। अचानक आफ्नो गुरुलाई हेर्नुभयो जो धनुषाको यदुकोहा स्कूलमा पढाउनु भएको थियो। गुरुजी बाटो बिर्सेर हिडिरहनु भएको थियो। त्यतिकैमा शान्ति महतोले उहाँलाई देख्नुभयो। उहाँले गुरुजीलाई लिएर आफ्नो घरमा लग्नुभयो। कुराकानीको क्रममा शान्ति महतोले गुरुजी यो गाउँको नाम परिवर्तन गर्न खोजिरहेको छु तर कुनै उपयुक्त नाम नै पाइरहेको छैन भन्नुभएको थियो। अनि गुरुजीले यो गाउँको नाम शान्ति नगर राख कसैले आपत्ति गर्दैनन्। शान्तिनगर नाममा सबैलाई मनाउनुस्। सम्भवत सबैले यो नाममा सहमति जनाउँछन् भनि गुरुजीले भन्नुभएको थियो।

शान्ति महतोलाई पनि त्यो नाम राम्रो लागेको थियो तर टोलबासी सबैको त्यसमा सहमति पनि चाहिएको थियो। उहाँ टोलमा घुमेर सबैलाई शान्तिनगरमा राजि गराउनुभयो। त्यसपछि सार्की गाउँको नाम शान्तिनगर रहन गयो। शान्ति गेटमै रहेको अकुमराइन होटेललाई भनेर शान्ति महतोहरु शान्तिनगर गेट बनाउन लगाउनु भएको थियो। जो २०७२ को भुकम्पमा ढलेको थियो। शान्ति महतोले पछि लायन्स क्बल छाड्नुभएको थियो।

तर अहिले उहाँ पताञ्जली, वोमन एक्ट, मैथिली महिला समाज, राष्ट्रिय बैश्य महासंघमा आवद्ध भएर समाज सेवामा लाग्नुभएको छ। उहाँ आमा अभियानका आजिवन सदस्य पनि हुनुहुन्छ। सानो ठिमीमा रहेको युसेफ नेपालमा सदस्यको रुपमा पनि काम गर्नुभएको छ। त्यस्तै, योगा प्रशिक्षकको रुपमा काम गर्नुभएका शान्ति महतो विशिष्ट योग गुरु सम्मानबाट सम्मानित हुनुभएको छ। त्यस्तै उहाँले युथ एसिया अर्गाइजेशनको माध्यमबाट एक्सिलेन्स एक्जिभर अवार्ड २००९ नामबाट पनि सम्मानित हुनुभएको छ। सो सम्मान नेपालका लागि तत्कालिन अमेरिकी राजदुत रेण्डी डब्लु बेरीले दिनुएको थियो।

उहाँले योगासँग सम्बन्धित जीवन दर्पण पुस्तक पनि प्रकाशित गर्नुभएको छ। बुवा लक्ष्मीप्रसाद सुमन र आमा सीता देवी महतोको जेठी छोरी शान्ति महतोका दुई जना भाइ पनि छन्। एक जना भाइ हेमचन्द्र महतो दरबार हाइस्कुलबाट हालै अवकाश प्राप्त गर्नुभएको छ भने हाल उहाँ भिएसनिकेतमा अध्यापन गराई रहनुभएको छ। अर्को भाइ शितलप्रसाद राससका पत्रकार हुनुहुन्छ। शान्ति महतोका छोरा शम्भु साह र छोरी समी साह दुवै जना अष्ट्रेलियामा हुनुहुन्छ।

### जीवनमा सधैं...

त्यति मात्रै होइन, जागिरको अवधिमा उहाँ नेपाल र बंगलादेशबीच जलस्रोतमा सहकार्य सम्बन्धी सम्झौताको लागि गठन (२०४४) भएको विज्ञ समूहको सदस्य पनि हुनुहुन्थ्यो। त्यस्तै, सरकारले गठन गरेको नेपाल भारत सीमा नजिकै डुबान समस्या समाधान सम्बन्धी स्थायी समितिमा सदस्य सचिव भएर पनि काम गर्नुभएको थियो। पछि त्यसको चेयरम्यान नै (२०५५) हुनुभयो। नेपाल इन्जिनियरिङ काउन्सिलको बोर्ड मेम्बरका साथै उहाँ शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजना सहित महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको मस्यौदाकार पनि हुनुहुन्छ।

त्यसैगरि उहाँ जागिरमा हुँदा र अवकाश प्राप्त गरेपछि विभिन्न विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुको साथै विभिन्न जर्नलहरुमा उहाँको रिसर्चहरु प्रकाशित भएका छन्। पहाडहरूमा ढल निकास समस्या र सुधारका लागि सुझावहरू, नेपालको जलस्रोत विकास-एक क्षेत्रीय दृष्टिकोण, नेपालको जलस्रोत व्यवस्थापन-एक सिंहावलोकन विषयमा विभिन्न फोरममा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। त्यस्तै जलस्रोत विकासमा क्षेत्रीय सहयोग-नेपाली सन्दर्भ, परियोजनाको सञ्चालन र मर्मत सम्भार, निर्वाचन परिणाम र समावेशी लोकतन्त्र, समृद्ध नेपालका लागि इन्जिनियरहरूको राजनीतिक सशक्तिकरण, राज्य पुर्नसंरचनामा मधेश, कोशीको विपति लगायतका विषयमा उहाँले कार्यपत्र प्रस्तुत गर्नुको साथै कतिपय जर्नलमा पनि प्रकाशित भएको छ।

उहाँ अमेरिका, भारत, ताइवान, फिलिपिन्स, स्विटजरल्याण्ड, नेदरल्याण्ड, जपानलगायतका देशमा आयोजना भएको विभिन्न सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरुमा सहभागि हुनुको साथै त्यहाँ आफ्नो प्रस्तुति पनि दिनुभएको थियो। त्यस्तै विभिन्न देशमा गएर उहाँले पेसागत विभिन्न खालका तालिम पनि लिनुभएको छ। जागिरबाट अवकाश लिएपछि उहाँ कन्सलटेन्टको रुपमा पनि विभिन्न संस्थामा काम गर्नुभयो। २०५८ चैतदेखि २०६२ साउनसम्म कृषि दृष्टिकोण योजना-कार्यान्वयन कार्य योजना, सिंचाइ विकासको दृष्टिकोण र सम्बद्ध वित्तपोषण योजना र समकालीन सिँचाइ मुद्दाहरूको अध्ययन गरी तीन वटा विषयमा कन्सलटेन्टको रुपमा काम गर्नुभएको छ। ३७ वर्ष जागिरको अवधिमा यही काम गरियो। सधै एउटै खालको काम गरेर केही हुँदैन भन्दै उहाँले कन्सलटेन्सीको काम छाडेर राजनीतितिर आकर्षित हुनुभयो।

**राजनीतिमा पदार्पण**

रत्नेश्वरलाल भन्नुहुन्छ, 'जागिरमा हुँदा पनि त्यही काम जागिर छाडेपछि त्यही काम गर्दा गर्दै आफैलाई इरिटेड जस्तो फिल भयो, अब फरक ढंगले फरक काम गर्नुपर्छ भनि मैले राजनीति रोजे।आफ्नो अनुभव र क्षमतालाई राजनीतिमार्फत नै सेवामा लगाउने उद्देश्यले आफू राजनीतितिर लम्केको बताउँदै उहाँले त्यसमा आफूले मधेशको राजनीतिलाई नै रोजेको बताउनुभयो। त्यतिबेला दुईटा परिवर्तनकारी शक्ति थिए, माओवादी र मधेशी जनअधिकार फोरम। दुवै पार्टी आन्दोलनबाट उदाएका पार्टी थिए र ती दलप्रति मात्र जनताको आकर्षण थियो। ती दलले देशका लागि केही गर्छन् भने विश्वास पनि थियो।

मधेशी भएको कारणले मधेशकै राजनीति गर्नुभन्छ भन्दै उहाँले २०६३ मा उपेन्द्र यादव नेतृत्वको तत्कालिन मधेशी जनअधिकार फोरम नेपालमा आवद्ध हुनुभयो। त्यतिबेला फोरम आन्दोलनको तयारीमा जुटेको थियो। मधेशीको अधिकार र पहिचानका लागि संघर्ष गर्न तम्तयार रहेको फोरममा रत्नेश्वर सहभागी हुनुभयो। फोरममा गएपछि उहाँलाई बुद्धिजिवि फोरमको अध्यक्ष बनाइएको थियो। वीरगञ्जमा पार्टीको रुपमा फोरमको पहिलो महाधिवेशन हुँदा रत्नेश्वरलाल कायस्थ पार्टीको सचिव हुनुभयो। फोरम नेपालले मधेश आन्दोलन गर्दा रत्नेश्वरलाल कायस्थ काठमाडौँको मोर्चा सम्हाल्नु भएको थियो। आन्दोलनको रणनीति बनाउने, दस्तावेजहरु तयार गर्ने, विभिन्न छलफल र संवादमा जाने काम उहाँको थियो। उहाँ भन्नुहुन्छ, 'मधेश आन्दोलनका लागि अफिसियल कामहरु गरे, म काठमाडौँमै थिए अफिसमा बसेर त्यसको व्यवस्थापकीय कामहरु गरे, सरकार वा अन्य कुनै संगठनसँग कुनै वार्ता वा संवाद गर्नुपर्यो भने म त्यहाँ जान्थे। अब यसलाई आन्दोलनमा सक्रिय रहेको नरहेको के भन्ने त्यो आफूलाई थाह भएन तर मधेशी जनताले आफ्नो अधिकार र पहिचानका लागि कठोर संघर्ष गरेको र फोरमलाई साथ दिएको कुरा आफूले नजिकबाट अनुभव गरेको उहाँले बताउनुभयो। राजनीतिमा आफू केही पाउनका लागि होइन, केही दिनका लागि लागेको बताउँदै उहाँले आफू सरकारी जागिरको उच्च ओहदासम्म पुगेर विभिन्न अनुभव संगालेको, देशको विकास निर्माण तथा नीति निर्माणमा सहभागी भएको अनुभव समाजलाई दिनका लागि राजनीतिमा लागेको बताउनुभयो।

यद्यपी उहाँको पारिवारिक राजनीति पृष्ठभूमी काँग्रेस हो। उहाँ पनि काँग्रेस नै हुनुहुन्थ्यो। जागिर अवधिमा उहाँ काँग्रेस निकट रहेर काम गर्नुभएको थियो। काँग्रेस निकट नेपाल इन्जिनियर एशोसिएशनको सदस्य भएर काम गर्नुभएको थियो। तर ती पार्टीहरुबाट देशमा परिवर्तन नहुने उहाँको बुझाई थियो। पंचायत, प्रजातन्त्र, गणतन्त्र तिनटै प्रणालीमा काम गर्नुभएका रत्नेश्वर राजनीतिक दलको गतिविधिबाट त्यति सन्तुष्ट हुनुहुन्न। तर त्यसको विकल्प पनि छैन उहाँको बुझाई छ।

उहाँले भन्नुभयो, 'मैले अब राज्यबाट लिनुपर्ने केही बाँकी थिएन, मैले पाउनुपर्ने सबै पाइसकेको थिए, अब दिने बेला आएको छ भन्दै म फोरमतिर लागेको हुँ।त्यही भएर फोरममा हुँदासम्म कुनै पदको माग र चाहना नगर्नु भएका रत्नेश्वर अन्तिममा मधेश प्रदेश प्रदेश प्रमुखमा नियुक्त हुनुभयो। हुन त २०७४ को चुनावमा उहाँको नाम समानुपातिक सूचीमा राखिएको थियो। तर उहाँले पाउनु भएन। उहाँ भन्नुहुन्छ, 'समानुपातिक वा कुनै पद मलाई चाहियो भनेर मागेको होइन, अध्यक्ष उपेन्द्र यादवजीले नै राख्नु भएको थियो त्यसका लागि उहाँ धन्यवादको पात्र हुनुहुन्छ।समानुपातिकमा नाम नआएपछि मधेश प्रदेशको प्रदेश प्रमुख भएपछि रत्नेश्वरलाल निकै उत्साहित हुनुभएको थियो।

मधेशको विकास गर्ने मौका बल्ल पाएको उहाँलाई लागेको थियो। नीति निर्माणकै तहमा गएपछि चाहे अनुसारको काम गर्न सकिने भनेर मधेश प्रदेशको प्रदेश प्रमुख भएपछि उहाँले सोही अनुसार काम पनि सुरु गर्नुभएको थियो। उहाँ आफ्नो कार्यकालसम्म प्रदेश सरकारको तीन वटा नीति तथा कार्यक्रम बनाउनुभयो। जति पनि विकास निर्माणका कामहरु आएका थिए। त्यसमा अधिकाँश रत्नेश्वरलालको एजेण्डा थियो। कतिपय कार्यान्वयमा आए, कतिपय आउन सकेन। राजनीतिक स्थिरताका कारण करिब २ वर्ष मात्र प्रदेश प्रमुखमा रहनुभयो।उहाँ भन्नुहुन्छ, 'हामीले त्यतिबेला तयार पारेको विकासको रोडम्याप, विकासका मोडेल अहिले पनि चलिरहेको छ। त्यसपछि आएका सरकारले खासै नयाँ गर्न सकेको छैन।

प्रदेश प्रमुखबाट हटेपछि उहाँ सक्रिय राजनीति पनि छाड्नु भएको छ। आस्थाको हिसाबले जसपा नेपाल निकट हुनुहुन्छ तर सांगठनिक हिसाबले कतै कुनै संलग्नता उहाँको छैन। उहाँ अहिले समाजसेवा तथा अध्ययनका कामहरु गरिरहनु भएको छ।

**प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
- आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो,

त्यसैले,

- प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- त्यस तर्फ सचेत बनौं।
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305, Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार